# राजस्व सुधार कार्ययोजना

# (Revenue Improvement Action Plan-RIAP)

## अन्तिम प्रतिवेदन




सुनापति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हिलेदेबी, रामेछाप, बागमती प्रदेश, नेपाल

# विषयसूची

**परिच्छेद एकः परिचय ....... १**
१.१ पृष्ठभूमि ....... १
१.२ राजस्व सुधार योजनाको औचित्य ....... १
१.३ कार्ययोजनाका सोच, लक्ष्य तथा उद्देश्यहरू ....... २
१.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ....... २
१.५ अध्ययनको सीमा ....... ४
**परिच्छेद दुईः राजस्व परिचालन सम्बन्धी गाउँपालिकाको विद्यमान अवस्था ....... ६**
२.१ गाउँपालिकाको संक्षिप्त परिचय ....... ६
२.२ गाउँपालिकामा कर्मचारी सम्बन्धी विवरण ....... ८
२.३ गाउँपालिकाको राजस्व परामर्श समितिको नामावली ....... १०
२.४ गाउँपालिकाको सम्पत्ति विवरण ....... १२
२.५ आर्थिक अवस्था ....... १३
**परिच्छेद तीनः गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता ....... १७**
३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ....... १७
३.२ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था ....... २५
३.३ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना विश्लेषण ....... २७
**परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था ....... ३७**
४.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ....... ३७
४.२ राजस्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान ....... ३७
४.३ आय सङ्कलनको संस्थागत क्षमता ....... ३८
४.४ आन्तरिक राजस्व संरचनाको अवस्था ....... ३८
४.५ आन्तरिक राजस्व संरचनाको अवस्था ....... ४३
४.६ राजस्व परिचालनमा रहेका सवालहरू ....... ४३
**परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना ....... ४५**
५.१ राजस्व सुधारका क्षेत्रहरू ....... ४५
५.२ राजस्व सुधार कार्ययोजना तर्जुमा ....... ४६
५.३ बजेट अनुमान ....... ४८
**परिच्छेद छः आगामी ३ वर्षको आय प्रक्षेपण ....... ४९**
६.१ राजस्व प्रक्षेपणका विधिहरू ....... ४९
६.२ राजस्व सङ्कलनमा पर्ने असरको प्रारम्भिक आङ्कलन ....... ५०
६.३ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ....... ५१
६.४ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ....... ५५

**परिच्छेद-सातः अपेक्षित नतिजा ........ ५८**
७.१ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण शारांश ........ ५८
७.२ आय प्रक्षेपणको तुलनात्मक विश्लेषण ........ ५८
७.३ नतिजा तालिका ........ ५९
**परिच्छेद आठः कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ........ ६१**
८.१ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन ........ ६१
८.२ स्रोत व्यवस्थापन ........ ६१
८.३ कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन ........ ६१
अनुसूची १ सन्दर्भ सामग्रीहरू ........ ६४
अनुसूची २ तथ्याङ्क र सूचना सङ्कलनका लागि प्रयोग गरिएको सूची तथा फारम ........ ६६
अनुसूची ३ कार्यक्रमका सहभागीहरूको उपस्थिति ........ ७१
अनुसूची ४ कार्यक्रमका केही झलकहरू ........ ७२

# तालिकाहरू

तालिका नं. १: गाउँपालिकाको भूउपयोग सम्बन्धी विवरण............ ७
तालिका नं. २: गाउँपालिकाको जनसङ्ख्या तथा घरधुरी सम्बन्धी विवरण............ ७
तालिका नं. ३: गाउँपालिकामा कार्यरत जनशक्ति सम्बन्धी विवरण............ ८
तालिका नं. ४: राजस्व परामर्श समितिको नामावली............ ११
तालिका नं. ५: गाउँपालिकामा रहेका निर्माण तथा सवारी साधन सम्बन्धी विवरण............ १२
तालिका नं. ६: **गाउँ**पालिकामा रहेका सहकारी संस्थाहरू सम्बन्धी विवरण............ १३
तालिका नं. ७: गाउँपालिकामा रहेका उद्योगहरूको विवरण............ १६
तालिका नं. ८: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट(प्रतिशतमा)............ २२
तालिका नं. ९: स्थानीय र प्रदेश तह बीचको राजस्व बाँडफाँट(प्रतिशतमा)............ २३
तालिका नं. १०: मूल्य अभिवृद्धि कर, अन्तःशुल्कको बाँडफाँट(प्रतिशतमा)............ २३
तालिका नं. ११: आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण............ २५
तालिका नं. १२: सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण............ २८
तालिका नं. १३: मालपोत सम्बन्धी सम्भाव्यता विश्लेषण............ २९
तालिका नं. १४: घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण............ २९
तालिका नं. १५: व्यापार व्यवसाय सम्बन्धी विवरण............ ३१
तालिका नं. १६: बहाल बिटौरी शुल्क सम्बन्धी विवरण............ ३३
तालिका नं. १७: नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण............ ३४
तालिका नं. १८: व्यवसाय रजिस्ट्रेसन दस्तुरको सम्भाव्यता विश्लेषण............ ३५
तालिका नं. १९: सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण............ ३६
तालिका नं. २०: विगतको तीन आ.व. को यथार्थ र चालु आ.व.को अनुमान र प्राप्तिको अवस्था ३८
तालिका नं. २१: कुल राजस्वमा शीर्षकगत योगदान (रु. हजारमा)............ ४३
तालिका नं. २२: राजस्व सुधार कार्ययोजना............ ४६
तालिका नं. २३: आगामी आ.व.का लागि राजस्व प्रक्षेपणका आधारहरू (रु. हजारमा)............ ५१
तालिका नं. २४: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु. हजारमा)............ ५५
तालिका नं. २५: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण शारांश (रु. हजारमा)............ ५८
तालिका नं. २६: नतिजा तालिका............ ५९

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले सङ्घीयता प्रणालीलाई अङ्गीकार गरी राज्यलाई सङ्घ, प्रदेश, र स्थानीय गरी तीन तहमा विभाजन गरेको छ। संविधानको अनुसूची ८ ले स्थानीय तहलाई एकल अधिकार, र अनुसूची ९ ले सङ्घ, प्रदेश, र स्थानीय तहको साझा अधिकार प्रदान गरेको छ। यस अनुसार, स्थानीय तहले विभिन्न कर र गैर-कर राजस्व उठाउने अधिकार पाएका छन्।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा ५५ देखि ६८ सम्मका प्रावधानहरूले स्थानीय तहलाई कार्य जिम्मेवारी तथा स्रोत परिचालन गर्ने स्पष्ट अधिकार दिएको छ। यसका साथै, **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** ले सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटका अतिरिक्त कर तथा गैर-कर सङ्कलन गर्न, र नेपाल सरकारको स्वीकृति लिएर वैदेशिक अनुदान तथा सहयोग लिने प्रावधानसमेत गरेको छ। साथै, वित्त आयोगको सिफारिस अनुसार सीमाभित्र आन्तरिक ऋण लिने अधिकार पनि स्थानीय तहलाई छ।

स्थानीय तहले यी संवैधानिक र कानुनी व्यवस्थाहरूको आधारमा न्यायोचित र प्रभावकारी रूपमा राजस्व परिचालन गरी आयको बजेट तर्जुमा गर्न सक्छन्। यसका लागि सम्भावित राजस्व स्रोतहरूको पहिचान, नीतिगत सुधार, कानुनी व्यवस्थापन, र आवश्यक व्यवस्थापकीय सुधार गर्नुपर्ने आवश्यकता रहेको छ।

यसै सन्दर्भमा रामेछाप जिल्लाको सुनापती गाउँपालिकाले राजस्वका नयाँ क्षेत्रहरूको पहिचान र उपयोग गरिरहेका क्षेत्रहरूको दायरा विस्तार गर्ने उद्देश्यसहित तीन वर्षका लागि आय प्रक्षेपणसहितको **राजस्व सुधार कार्ययोजना, २०८२** तयार पारिएको हो।

## १.२ राजस्व सुधार योजनाको औचित्य

नेपालको संविधान र सङ्घीय सरकारका विभिन्न कानुनी प्रावधानले स्थानीय तहलाई वित्तीय अधिकार प्रदान गरेका छन्। **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा ६६ को उपदफा (६) अनुसार, गाउँपालिकाले स्रोत अनुमान र बजेट सीमा निर्धारणका लागि तीन वर्षको आयको प्रक्षेपण गर्नुपर्ने कानुनी व्यवस्था छ। यो कार्ययोजनाले नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसअनुसार विभिन्न अनुदानका मापदण्ड र आधार तयार गर्न सहयोग पुऱ्याउँछ। साथै, राजस्वका क्षेत्रहरूको विस्तार र आन्तरिक आय वृद्धि गर्ने दिशामा महत्त्वपूर्ण योगदान दिन्छ। कार्ययोजनाले गाउँपालिकाको आवधिक योजना र मध्यमकालीन खर्च संरचनाको तर्जुमा निम्न क्षेत्रमा सहयोग पुऱ्याउँछः

१. तीन वर्षभित्र खर्च गरिने क्षेत्र, कार्यक्रम, आयोजना, र क्रियाकलापहरूमा प्रति-एकाइ लागतसहितको खर्चको प्रक्षेपण।

२. प्राथमिकताका आधारमा खर्च गरिने क्षेत्रहरूको निर्धारण।

३. तीन वर्षका लागि आन्तरिक आयको प्रक्षेपण।

यसै गरी **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** को दफा १८ अनुसार, स्थानीय तहले आन्तरिक आयको अनुमान तयार गरी अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने प्रावधान छ। यो कार्ययोजना **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (Local Government Institutional Self-Assessment, LISA)** मा सुधार गर्दै, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट थप अनुदान प्राप्त गर्न मद्दत पुऱ्याउँछ।

## १.३ कार्ययोजनाका सोच, लक्ष्य तथा उद्देश्यहरू

### सोच

गाउँपालिकाको आन्तरिक आयको प्रक्षेपणसहित प्रभावकारी राजस्व सुधार कार्ययोजना तयार गर्ने।

लक्ष्य

गाउँपालिकाको राजस्वका कुल सम्भावनाहरूको पहिचान गरी तिनलाई परिचालनका लागि आवश्यक क्रियाकलापहरू निर्धारण गरिने।

### उद्देश्य

राजस्व सुधार कार्ययोजनाको मुख्य उद्देश्य सुनापती गाउँपालिकाको आन्तरिक आयका सम्भावनाहरू पहिचान गर्दै तिनको प्रभावकारी परिचालनमा रहेका समस्याहरू समाधान गर्ने र आगामी तीन आर्थिक वर्षका लागि आय प्रक्षेपणमा योगदान पुऱ्याउनु रहेको छ।

**विशिष्ट उद्देश्यहरू**

१) गाउँकार्यपालिकाका पदाधिकारीहरू, शाखा प्रमुखहरू, राजस्व व्यवस्थापनमा संलग्न कर्मचारीहरू, उद्योग वाणिज्य सङ्घका प्रतिनिधि, र राजस्व परामर्श समितिका पदाधिकारीहरूलाई स्थानीय तहको आर्थिक अधिकार र राजस्व सुधार कार्ययोजनाबारे प्रभावकारी प्रशिक्षण प्रदान गर्नु।

२) विगत तीन आर्थिक वर्षका आन्तरिक आयका शीर्षकगत सङ्कलनहरूको विश्लेषण गर्नु।

३) राजस्व व्यवस्थापनमा सुधार ल्याउन नीतिगत, संस्थागत व्यवस्था, बिलिङ प्रणाली, र आन्तरिक नियन्त्रण प्रणालीको अध्ययन गर्नु।

४) राजस्वका सम्भावनाहरूको आधारमा आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण तयार गर्नु।

५) गाउँपालिकाको विद्यमान आर्थिक ऐनको पुनरावलोकन गरी राजस्व परामर्श समितिलाई कर र शुल्कका दर निर्धारणका लागि आवश्यक पृष्ठपोषण उपलब्ध गराउनु।

## १.४ कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न राजस्व सुधार कार्ययोजना दिग्दर्शन २०७६ मा निर्दिष्ट विधि तथा प्रक्रियाहरूको पूर्ण रूपमा पालना गरिएको छ। यस क्रममा विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन, सूचना तथा तथ्याङ्क सङ्कलनका लागि आवश्यक फारम र चेक लिस्ट तयार पार्ने, सङ्कलित तथ्याङ्कको विश्लेषण गर्ने, अभिमुखीकरण तथा कार्यशाला गोष्ठी सञ्चालन गर्ने, र प्रारम्भिक मस्यौदा प्रतिवेदन प्रस्तुत गर्ने जस्ता गतिविधिहरू सम्पन्न गरिएका छन्। प्रारम्भिक मस्यौदा प्रतिवेदनमा प्राप्त सुझावहरू समेटी अन्ततः अन्तिम प्रतिवेदन तयार पारिएको छ।

### १.४.१ तयारी तथा समन्वय

प्रथम चरणमा गाउँपालिकासँग समन्वय गरी राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी आवश्यक छलफल गरिएको थियो। छलफलका क्रममा अभिमुखीकरण कार्यक्रमको मिति र समय निर्धारण गर्नुका साथै सुधार कार्ययोजना तर्जुमा प्रक्रियाका विभिन्न चरणहरूबारे विस्तृत रूपमा विचार विमर्श गरिएको थियो।

### १.४.२ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

यस कार्ययोजना तर्जुमा प्रक्रियाकालागि गाउँपालिकाको वेबसाइटमा उपलब्ध दस्ताबेजहरूसहित विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू सङ्कलन र पुनरावलोकन गरिएको थियो।अध्ययन र पुनरावलोकन गरिएको प्रमुख सामग्रीहरू अनुसूची १ मा प्रस्तुत गरिएको छ।

### १.४.३ तथ्याङ्क/सूचना सङ्कलन फारम तथा सूची निर्माण

सन्दर्भ सामग्रीको अध्ययन र विश्लेषण पश्चात् कार्ययोजना तयार गर्न आवश्यक तथ्याङ्क र सूचना सङ्कलनको लागि चेक लिस्ट तयार गरिएको थियो। यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार गर्न तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिएको चेक लिस्ट अनुसूची-२ मा प्रस्तुत गरिएको छ।

### १.४.४ अभिमुखीकरण तथा तालिम सामग्री तयारी

राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन २०७६ मा समावेश गरिएका विषयवस्तुहरूको आधारमा गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरूलाई राजस्व सुधारसम्बन्धी अभिमुखीकरणकालागि आवश्यक सामग्री तयार गरिएको थियो। यस सामग्रीमा तपसिलमा उल्लेख गरिएका मुख्य विषयवस्तुहरू समावेश गरिएको छ।

- राजस्व सुधार कार्ययोजनाको उद्देश्य र यसको आवश्यकता
- कर, शुल्क, र दस्तुर बिचको भिन्नता
- स्थानीय तहका एकल तथा संयुक्त राजस्व अधिकार
- करका दर निर्धारण गर्ने आधार र प्रक्रिया
- आर्थिक ऐनको आवश्यकता र यसको विश्लेषण
- स्थानीय तहका वित्तीय स्रोतहरू
- राजस्व दर निर्धारण गर्दा ध्यान दिनुपर्ने मुख्य पक्षहरू
- राजस्व परामर्श समितिको भूमिका र कार्यहरू
- राजस्व सुधारका क्षेत्रहरूको पहिचान र कार्ययोजना तर्जुमा प्रक्रिया

### १.४.५ अभिमुखीकरण कार्यशाला आयोजना तथा सञ्चालन

राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन २०७६ मा आधारित भएर २०८२ बैशाख ९ गते अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरू, राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट र कार्यक्रम तर्जुमा समिति, शाखा प्रमुखहरू, राजस्व सङ्कलनमा संलग्न कर्मचारीहरू, कार्ययोजना तर्जुमा कार्यदलका सदस्यहरू र करदाताका प्रतिनिधिहरूको सहभागितामा एक दिने अभिमुखीकरण कार्यशाला आयोजना गरियो।

### १.४.६ राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यदलको गठन

राजस्व सुधार कार्ययोजना तयारीलाई प्रभावकारी बनाउने उद्देश्यले राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शनको दफा ७ मा उल्लेखित प्रावधान अनुसार, राजस्व परामर्श समितिको मातहतमा ५ देखि ७ जनासम्म सदस्य रहने कार्यदल गठन गर्न सकिने व्यवस्था बमोजिम राजस्व परामर्श समितिलाई नै कार्यदलको जिम्मेवारी सुम्पिएको थियो। कार्यदलले राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियामा आवश्यक विधि अपनाउँदै प्रतिवेदनको विषयवस्तु र गुणस्तर सुनिश्चित गर्दै सुझावहरू प्रदान गरेको थियो।

### १.४.७ तथ्याङ्क/सूचना सङ्कलन तथा विश्लेषण

गाउँपालिकाको राजस्व शाखा तथा अन्य शाखाहरूबाट अध्ययन टोलीका सदस्यहरूले विभिन्न शाखा, सरोकारवाला पक्षहरूसँगको समन्वय, स्थलगत भ्रमण, र अवलोकनमार्फत आवश्यक तथ्याङ्क र सूचनाहरू सङ्कलन गरिएको थियो। सङ्कलित सूचनाका आधारमा राजस्व परिचालनको विद्यमान अवस्था, शीर्षकगत सम्भाव्यता, र परिचालनमा देखिएका समस्याहरूको पहिचान तथा विश्लेषण गरी राजस्व प्रक्षेपणको प्रारम्भिक दस्ताबेज तयार पारिएको थियो। तथ्याङ्क र सूचनाहरू निम्न स्रोतहरूबाट सङ्कलन गरिएका थिएः

१. गाउँपालिकाको वस्तुस्थिति विवरण
२. वार्षिक नीति, कार्यक्रम, र बजेट पुस्तिका
३. विगत तीन आ.व.को यथार्थ आय विवरण र चालु आ.व.को अनुमानित आय विवरण तथा आर्थिक ऐन
४. स्थानीय तहको राजस्वसम्बन्धी कार्यविधि र कानुनहरू
५. नदीजन्य पदार्थ बिक्रीका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन
६. व्यवस्थापन करारमार्फत राजस्व सङ्कलनका लागि गरिएका सम्झौताहरू
७. आन्तरिक आय सङ्कलनका सम्भावित नयाँ क्षेत्रहरूसम्बन्धी तथ्याङ्क र सूचना।

### १.४.८ तथ्याङ्क विश्लेषण तथा मस्यौदा प्रतिवेदन तयारी

सङ्कलित सूचना तथा तथ्याङ्क र अभिमुखीकरण कार्यशालाबाट प्राप्त तथ्यहरूको विश्लेषणका आधारमा सरोकारवालाहरूसँग थप छलफल गरी राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार गरियो।

### १.४.९ मस्यौदा प्रतिवेदन प्रस्तुति तथा छलफल

यसरी तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदनलाई गाउँपालिकामा अध्ययनकालागि पेस गरियो। मस्यौदा प्रतिवेदनलाई गाउँकार्यपालिकाका पदाधिकारीहरू र राजस्व परामर्श समितिका सदस्यहरू समक्ष पेस गरी आवश्यक सुझावहरू र पृष्ठपोषण समावेश गरी अन्तिम प्रतिवेदन तयार पारियो।

## १.५ अध्ययनको सीमा

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमाहरूमा आधारित रही तयार गरिएको छः

**क) सम्पत्ति करको अनुमान**

१) गाउँपालिकाको प्रमुख आय स्रोत सम्पत्ति कर हो, जुन विगतका आर्थिक वर्षहरूमा मालपोतसँग जोडिएको थियो।

२) आगामी आर्थिक वर्षका लागि कर दर आर्थिक ऐन र राष्ट्रिय जनगणना २०७८ को घर सङ्ख्याका आधारमा अनुमान गरिएको छ।

**ख) घर बहाल करको विश्लेषण**

१) घर बहाल करको यकिन तथ्याङ्क उपलब्ध नभएकाले जनगणना प्रतिवेदनका आधारमा विश्लेषण गरिएको छ।

२) जनगणनामा उल्लिखित घर सङ्ख्या र परिवार सङ्ख्याको फरकलाई भाडामा बस्ने परिवार मानी गणना गरिएको छ।

**ग) राजस्व शीर्षकहरूको विश्लेषण**

१) गाउँपालिकाको वस्तुस्थिति विवरण उपलब्ध नभएकाले यकिन तथ्याङ्क प्राप्त गर्न कठिन भएको छ।

२) गाउँकार्यपालिकाको कार्यालयबाट प्राप्त अभिलेख, गाउँपालिकाका पदाधिकारीहरू, कर्मचारीहरू, र सरोकारवालासँगको छलफलका आधारमा विश्लेषण गरिएको छ।

**घ) राजस्व प्रक्षेपणको आधार**

१) कतिपय करदाताको सङ्ख्या सम्बन्धी आधिकारिक तथ्याङ्क उपलब्ध नभएकाले सहभागीहरूले दिएको सूचनालाई आधार मानिएको छ।

**ङ) व्यवसाय करको गणना**

१) व्यवसायीहरूको यकिन तथ्याङ्क नभएकाले, गाउँपालिकाको राजस्व शाखामा दर्ता भएका व्यवसायहरूका आधारमा मात्र करको अनुमान गरिएको छ।

# परिच्छेद दुईः राजस्व परिचालन सम्बन्धी गाउँपालिकाको विद्यमान अवस्था

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

सङ्घीय शासन व्यवस्था लागु भएपश्चात वि.सं. २०७३ फागुन २७ गतेदेखि स्थापना गरिएको यस गाउँपालिकाको पूर्वमा खाँडादेबी गाउँपालिका, पश्चिममा चौरीखोला, उत्तरमा दोरम्बा गाउँपालिका र दक्षिणमा सुनकोशी नदी रहेको छ। यस गाउँपालिका साविकका पाँच गाउँ विकास समितिहरू गुन्सी, दिमीपोखरी, हिलेदेबी, बेथान र खनियापानी गाभिएर निर्माण गरिएको हो।समुन्द्र सतहबाट करिब ६०० देखि २३०० मिटर उचाइमा अवस्थित यस गाउँपालिका २७.४७ डिग्री उत्तरी अक्षांश र ८५.९० डिग्री पूर्वी देशान्तरमा अवस्थित यस गाउँपालिकाको कुल क्षेत्रफल ८६.९८ वर्ग किलोमिटर रहेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार, कूल ४,१९३ घरधुरी रहेको यस गाउँपालिकामा ७,७१० महिला र ६,९४८ पुरुष गरी जम्मा १४,६५८ जना जनसङ्ख्या रहेको छ।वडागत रुपमा भन्नुपर्दा सबैभन्दा बढी जनसङ्ख्या वडा नं. ४ र सबैभन्दा कम वडा नं २ मा रहेको छ।

धार्मिक, सांस्कृतिक र प्राकृतिक विविधताले भरिपूर्ण सुनापती एक सम्भावनायुक्त पर्यटकीय गन्तव्य हो। जटिल भौगोलिक अवस्था र सीमित स्रोतबीच पनि सबै वडामा सडक पहुँच पुगेको छ।गाउँपालिकाबाट जिल्ला सदरमुकाम मन्थली तथा राजधानी काठमाडौंसम्म सडक सञ्जाल विस्तार भइसकेको छ। हालसम्म करिब २७६ किलोमिटर सडक ट्र्याक खोलिएको छ, जसमा करिब १०० किलोमिटर सडक वर्षभर सञ्चालनयोग्य छन् र २,६०० मिटर सडक कालोपत्रे भइसकेको छ।सम्पूर्ण गाउँपालिका क्षेत्र विद्युतको पहुँच पुगिसकेको छ।

सबै वडामा २४ सै घण्टा प्रसुति सेवा उपलब्ध छ।प्रत्येक नागरिकले आधा घण्टाको दूरीभित्र स्वास्थ्य सेवा पाउने उद्देश्यका साथ सेवा विस्तार भइरहेका छन्।कृषि तथा पर्यटन प्रवर्द्धनका लागि चिया खेती, फलफूल तथा बालीका पकेट क्षेत्र र ब्लकहरू स्थापना गरी कृषिलाई व्यवसायिक र आधुनिक बनाउने अभियान सञ्चालनमा छ।

### २.१.१ राजनीतिक तथा प्रशासनिक अवस्थिति

यो गाउँपालिका नेपालका सङ्घीय निर्वाचन प्रणालीअनुसार रामेछाप जिल्लामा एक वटा मात्र निर्वाचन क्षेत्र रहेको छ।यो गाउँपालिकाको सबै वडाहरू प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएको प्रदेश १(ख) क्षेत्रमा पर्दछ ।

### २.१.२ ऐतिहासिक चिनारी र नामाकरण

गाउँपालिकाको नाम रामेछाप जिल्लाको पहिचान मानिएको 'सुनापती डाँडाको नामबाट राखिएको हो। यो डाँडा साविकका हिलेदेबी, बेथान र खनियापानी गाविसहरूको संगमस्थल मात्र नभई हिन्दु र बौद्ध धर्मावलम्बीहरूको साझा धार्मिक तथा सांस्कृतिक केन्द्र पनि हो।यहाँ अवस्थित महादेवको मन्दिर, १०४ वर्ष पुरानो छयोर्तेन (माने) र १०८ वर्ष पुरानो लहरेमाने पुरातत्व विभागमा सूचीकृत छन्।

### २.१.३ भूउपयोग सम्बन्धी विवरण

यस गाउँपालिकाको अधिकांश जमिन कृषि (५३.७४%) र वन तथा वनस्पति क्षेत्र (४०.३६%) मा प्रयोग भएको देखिन्छ। सामाजिक, आवासीय र धार्मिक प्रयोजनका लागि ४% भन्दा कम प्रयोग भएको छ।जल स्रोत क्षेत्र मात्र ०.९४% रहेको छ। यस सम्बन्धी विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. १: गाउँपालिकाको भूउपयोग सम्बन्धी विवरण

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल(हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि क्षेत्र | ४५७०.३ | ५३.७४ |
| २. | वन तथा वनस्पति क्षेत्र | ३४३२.३४ | ४०.३६ |
| ३. | सार्वजनिक क्षेत्र | २१२.०५ | २.४९ |
| ४. | आवास क्षेत्र | १४९.६५ | १.७६ |
| ५. | नदी तथा ताल तलैया क्षेत्र | ७९.५७ | ०.९४ |
| ६. | व्यवसायिक क्षेत्र | ४.९५ | ०.०६ |
| ७. | धार्मिक तथा सांस्कृतिक क्षेत्र | १.५९ | ०.०२ |
| ८. | औद्योगिक क्षेत्र | ०.२५ | ०.०० |
| ९. | खानी तथा खनिज क्षेत्र | ०.१४ | ०.०० |
| १०. | अन्य क्षेत्र | ५३.८९ | ०.६३ |
| | जम्मा | ८५०४.७ | १००.०० |

स्रोतः सुनापती गाउँपालिकाको आवधिक योजना

### २.१.४ जनसङ्ख्या तथा घरपरिवार सङ्ख्या

पाँच वडामा विभाजित यस गाउँपालिकामा कुल ४,१९३ घरपरिवार र १४,६५८ जनसंख्या रहेको छ, जसमा पुरुष ६,९४६ र महिला ७,७१२ छन्। औसत परिवार आकार ३.५० जनाको रहेको देखिन्छ। सबैभन्दा धेरै जनसंख्या वडा नं. ४ मा (३,८२६) छ भने सबैभन्दा ठूलो औसत परिवार आकार वडा नं. ५ मा ४.१९ जनाको छ। सबै वडामा महिलाको संख्या पुरुषभन्दा बढी देखिएको छ। विशेषगरी वडा नं. २ मा लैङ्गिक अनुपात सबैभन्दा कम(८६.५४) रहेको छ, जुन सम्भवतः पुरुष वैदेशिक रोजगारी वा पलायनसँग सम्बन्धित हुन सक्छ।वडा नं. २ मा औसत परिवार आकार ३.०९ जनाको भए पनि घरपरिवारको संख्या बढी हुनु साना परिवारको उपस्थिति जनाउँछ।यस गाउँपालिकाको जनसङ्ख्या वृद्धिदर -२.०४ प्रतिशत रहेको छ।

तालिका नं. २: गाउँपालिकाको जनसङ्ख्या तथा घरधुरी सम्बन्धी विवरण

| वडा नं. | घरपरिवार | जम्मा | पुरुष | महिला | औसत परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ७४९ | २६७७ | १२६९ | १४०८ | ३.५७ | ९०.१३ |
| २ | ७६७ | २३६९ | १०९९ | १२७० | ३.०९ | ८६.५४ |
| ३ | ७६१ | २४९९ | ११९५ | १३०४ | ३.२८ | ९१.६४ |
| ४ | ११३१ | ३८२६ | १८१३ | २०१३ | ३.३८ | ९०.०६ |
| ५ | ७८५ | ३२८७ | १५७० | १७१७ | ४.१९ | ९१.४४ |
| जम्मा | ४१९३ | १४६५८ | ६९४६ | ७७१२ | ३.५० | ९०.०७ |

स्रोतः केन्द्रीय तथ्याङ्क कार्यालय २०७८

### २.१.५ ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, माटो

यस गाउँपालिकाको क्षेत्र भएर बग्ने सुनकोशी नदीबाट प्रारम्भिक वातावरणीय परीक्षण गरी गिट्टी, ढुङ्गा, बालुवा, आदि प्रशस्त मात्रामा उत्खनन तथा  गरी बिक्री गर्ने सम्भावना रहेको छ।ती खोलाहरूबाट नदीजन्य पदार्थको बिक्री गरी गाउँपालिकाले आय सङ्कलन गरिरहेको छ।

## २.२ गाउँपालिकामा कर्मचारी सम्बन्धी विवरण

यस गाउँपालिकामा स्वीकृत दरबन्दी बमोजिमका सम्पूर्ण जनशक्ति पदपूर्ति भएको अवस्था छैन। गाउँपालिकाले स्थायी तथा करार सेवाका कर्मचारीबाट सेवा प्रवाह गर्दै आएको छ।गाउँपालिका तथा मातहतका कार्यालयमा कार्यरत जनशक्ति सम्बन्धी विवरण देहायको तालिकामा दिइएको छ।

तालिका नं. ३: गाउँपालिकामा कार्यरत जनशक्ति सम्बन्धी विवरण

| क्र.सं. | स्वीकृत पद | संख्या | पदपूर्ति | | | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | संघबाट समायोजन भई आएका | आन्तरिक पदपूर्ति | जम्मा पदपूर्ति | | |
| १. | प्र.प्र.अ. | १ | १ | | १ | ० | |
| २. | ईन्जिनियर | १ | | १ | 0 | १ | |
| ३. | शिक्षा अधिकृत | १ | १ | | १ | ० | |
| ४. | लेखा अधिकृत | १ | | | | १ | |
| ५. | प्रशासन अधिकृत | २ | २ | | २ | १ | |
| ६. | आ.ले.प. | १ | | | | | |
| ७. | प्रशासन सहायक | ४ | | | १ | ३ | |
| ८. | कम्प्युटर अपरेटर | १ | | | | १ | |
| ९. | लेखा सहायक | १ | | | १ | | |
| १०. | प्रा.स. (शिक्षा) | १ | | | १ | १ | |
| ११. | सब-ईन्जिनियर | १ | | | १ | | |
| १२. | अ.सब-ईन्जिनियर | १ | | | १ | | |
| १३. | स.म.वि.नि. | १ | | | १ | १ | |
| १४. | खा.पा.स.टे. | १ | | | १ | | |
| १५. | कार्यालय सहयोगी | ४ | | ४ | ४ | | **करार** |
| १६. | हलुका सवारी चालक | २ | | ३ | ३ | | **करार** |
| | **कृषि विकास शाखा** | | | | | | |
| १. | कृषि अधिकृत | १ | | | | १ | |
| २. | प्राविधिक सहायक | २ | | | १ | १ | |
| ३. | ना.प्रा.स. | १ | | | | १ | |
| | **पशु सेवा शाखा** | | | | | | |
| १. | पशु विकास अधिकृत | १ | | | | १ | |
| २. | पशु स्वास्थ्य प्राविधिक | १ | १ | | १ | | |

| क्र.सं. | स्वीकृत पद | संख्या | पदपूर्ति | | | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | संघबाट समायोजन भई आएका | आन्तरिक पदपूर्ति | जम्मा पदपूर्ति | | |
| ३. | पशु सेवा प्राविधिक | २ | | २ | २ | | |
| ४. | ना.प.स्वा.प्रा. | २ | १ | | १ | १ | |
| ५. | ना.प.से.प्रा. | २ | | | | १ | |
| | **स्वास्थ्य शाखा** | | | | | | |
| १ | अधिकृत | १ | १ | | १ | | |
| २ | प.हे.न. | १ | | | १ | | |
| | **वडा कार्यालय तर्फ (५ वटा वडा)** | | | | | | |
| १. | प्रशासन सहायक पाँचौ | ३ | | | २ | १ | |
| २. | सब-ईन्जिनियर | ३ | | २ | १ | २ | २ जना करार |
| ३. | प्रशासन सहायक चौथो | ४ | | | | ४ | |
| ४. | अ.सब-ईन्जिनियर | ४ | | १ | १ | ३ | १ करार |
| | **स्वास्थ्य संस्था तर्फ (५ वटा)** | | | | | | |
| १. | अधिकृत | ६ | ४ | १ | ५ | १ | १ करार |
| २ | हे.अ. | ५ | | ५ | १२ | | |
| ३ | स्टाफ नर्स | २ | | २ | | | २ करार |
| ३ | सि.अ.न.मी. | ५ | ५ | ८ | ८ | | |
| ४. | अ.हे.व. | ५ | | २ | ० | | **करार** |
| ५. | अ.न.मी. | ५ | | ६ | | | **करार** |
| ६. | का.स | ५ | | ५ | ५ | | **करार** |
| | **सामुदायिक स्वास्थ्य इकाइ (५ वटा)** | | | | | | |
| १. | अ.न.मी | ५ | | ४ | ४ | | **१ स्थायी** |
| २. | अ.हे.व. | ५ | | २ | २ | | **करार** |
| ३. | का.स. | ५ | | ७ | ७ | | **करार** |
| जम्मा | | ९६ | | | ७४ | २२ | |
| **प्रधानमन्त्री रोजगार प्रवर्द्धन कार्यक्रम** | | | | | | | |
| १. | रोजगार संयोजक (छैठौ) | १ | | १ | १ | | **करार** |
| २. | रोजगार सहायक (पाँचौ) | १ | | १ | १ | | **करार** |
| ३. | प्राविधिक सहायक (पाँचौ) | १ | | १ | १ | | **करार** |
| | | | | | | | |

| क्र.सं. | स्वीकृत पद | संख्या | पदपूर्ति | | | रिक्त पद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | संघबाट समायोजन भई आएका | आन्तरिक पदपूर्ति | जम्मा पदपूर्ति | | |
| | **सामी रोजगार प्रवर्द्धन कार्यक्रम (सुरक्षित आप्रवासन कायक्रम)** | | | | | | |
| १. | मनोसामाजिक परामर्शकर्ता (पाँचौ) | १ | | १ | १ | | **करार** |
| २. | वित्तीय साक्षरता सहजकर्ता (पाँचौ) | १ | | १ | १ | | **करार** |
| ३. | रिटर्नी स्वयंसेवक (श्रेणीविहिन) | ३ | | ३ | ३ | | **करार** |
| | **गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम (मेड्पा)** | | | | | | |
| १. | उद्यम विकास सहजकर्ता (चौथो) | २ | | २ | २ | | **करार** |
| | **संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** | | | | | | |
| १. | सूचना प्रविधि अधिकृत (छैठौ) | १ | | १ | १ | | **करार** |
| | **आन्तरिक मामिला तथा कानून मन्त्रालय** | | | | | | |
| १. | स्थानीय न्यायिक सहजकर्ता (पाँचौ) | १ | | १ | १ | | **करार** |
| | **राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभाग** | | | | | | |
| १. | एम.आई.एस. अपरेटर (पाँचौ) | १ | | १ | १ | | **करार** |
| २. | फिल्ड सहायक (चौथो) | १ | | १ | १ | | **करार** |
| | **कृषि तथा पशुपन्छी विकास मन्त्रालय** | | | | | | |
| १. | कृषि स्नातक अधिकृत (छैठौ) | १ | | १ | १ | | **करार** |
| २. | ना.प.से.प्रा./OVOT (चौथो) | १ | | १ | १ | | **करार** |
| ३. | ना.प्रा.स./OVOT (चौथो) | १ | | १ | १ | | **करार** |

स्रोतः *सुनापती* गाउँपालिकाको प्रशासन शाखा २०८२

## २.३ गाउँपालिकाको राजस्व परामर्श समितिको नामावली

यस गाउँपालिकाको राजस्व परिचालनका लागि नीतिगत सुझाव तथा अनुगमनका लागि उपध्यक्षको संयोजकत्वमा ७ सदस्यीय राजस्व परामर्श समितिको गठन भई कार्यरत रहेको छ। यस समितिलाई नै राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि कार्यदलको जिम्मेवारी दिइएको छ।

तालिका नं. ४: राजस्व परामर्श समितिको नामावली

| क्र.सं. | नाम | | समिति/जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री गीता विष्ट | उपाध्यक्ष | संयोजक |
| २ | श्री शुरेस कुमार श्रेष्ठ | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | श्री चित्र मानन्धर | वडाध्यक्ष वडा नं १ | सदस्य |
| ४ | श्री सुनमाया तामाङ | वडाध्यक्ष वडा नं ३ | सदस्य |
| ५ | श्री राज कुमार श्रेष्ठ | स्थानीय उद्योग वाणिज्य सङ्घको सदस्य | सदस्य |
| ६ | श्री विनोद चौलागाई | लेखा शाखा | सदस्य |
| ७ | मीरा मगर | राजस्व इकाइ प्रमुख | सदस्य सचिव |

*स्रोतः सुजापति गाउँपालिकाको कार्यलय २०८२*

### २.३.१ सङ्गठन संरचना (महाशाखा, शाखा, उपशाखा)

यस गाउँपालिकामा राजस्व इकाइको स्थापना गरिएको छ। राजस्व शाखालाई प्रशासन योजना तथा अनुगमन शाखा अन्तर्गत राखिएको छ। यस शाखामा अधिकृत स्तर छैटौं तहको १ जना, सहायकस्तर पाँचौं तहको १ जना, गरी २ जनाको दरबन्दी सृजना गरिएता पनि हाल यस शाखामा सहायकस्तर पाँचौं तहको १ कार्यरत रहेको पाइन्छ।

### २.३.२ राजस्व प्रशासन तथा परिचालनको व्यवस्था

#### क) राजस्व परिचालन सम्बन्धी स्थानीय नीति तथा कानुन

यस गाउँपालिकाले राजस्व परिचालनसँग सम्बन्धित ३ वटा ऐन, ६ वटा कार्यविधि, १ वटा मापदण्ड, तयार पारेको छ।

#### ऐनहरू

१) वन ऐन २०७८
२) स्थानीय तहको आर्थिक ऐन २०८१
३) स्थानीय तहको विनियोजन ऐन २०८१

#### कार्यविधिहरू

१) सुनापती गाउँपालिकाको होम स्टे सञ्चालन सम्बन्धी कार्यविधि
२) व्याक हो लोडर (जे.सि.वि.) सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ पहिलो संशोधन
३) सुनापती गाउँपालिका होमस्टे सञ्चालन कार्यविधि
४) व्यवसायिक कृषि तथा पशुपन्छी फार्म दर्ता सम्बन्धी कार्यविधि २०७८
५) घ वर्गको निर्माण ब्यबसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५
६) स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि

### मापदण्ड, निर्देशिका, नियमावलीहरू

१) भवन निर्माण सम्बन्धी मापदण्ड २०७५

## ख) राजस्व परिचानका लागि आवश्यक देखिएका ऐन, तथा कार्यविधिहरू

### ऐनहरू

१) सुनापती गाउँपालिकाको सहकारी ऐन
२) सुनापती गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन
३) सुनापती गाउँपालिकाको आर्थिक, प्रशासनिक तथा आन्तरिक नियन्त्रण सम्बन्धी ऐन
४) सुनापती गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन

### कार्यविधिहरू

१) सुनापती गाउँपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का बन्दोबस्त कार्यविधि
२) सुनापती गाउँपालिकाको सम्पत्ति कर सङ्कलन तथा व्यवस्थापन कार्यविधि
३) सुनापती गाउँपालिकाको व्यवसाय कर सङ्कलन कार्यविधि
४) सुनापती गाउँपालिकाको घर बहाल कर व्यवस्थापन कार्यविधि
५) सुनापती गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि

### मापदण्ड, निर्देशिका, नियमावलीहरू

२) सुनापती गाउँपालिका बजार अनुगमन निर्देशिका
३) सुनापती गाउँपालिकाको सहकारी नियमावली
४) सुनापती गाउँपालिकाको मिट मार्ट स्थापना सम्बन्धीको मापदण्ड

## २.४ गाउँपालिकाको सम्पत्ति विवरण

### २.४.१ सवारी तथा निर्माण साधन (जीप, जेसिबी, ट्रिपर, ट्र्याक्टर आदि)

यस गाउँपालिकामा ३ वटा जीप, २३ वटा मोटरसाइकल, २ वटा स्कुटर १ वटा एम्बुलेन्स, १ वटा ब्याकहो लोडर रहेका छन्। यस गाउँपालिकामा रहेका निर्माण तथा सवारी साधनहरूको उपयोग सम्बन्धी विवरण देहाय तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५: गाउँपालिकामा रहेका निर्माण तथा सवारी साधन सम्बन्धी विवरण

| क्र.सं. | मेसिन औजार तथा अन्य उपकरण | एकाइ | सङ्ख्या | हालको उपयोग |
|---|---|---|---|---|
| १. | जीप | सङ्ख्या | ३ | आवागमन प्रयोजन |
| २. | पिक अप | सङ्ख्या | १ | आवागमन प्रयोजन |
| ३. | मोटर साइकल | सङ्ख्या | २३ | आवागमन प्रयोजन |
| ४. | स्कुटर | सङ्ख्या | २ | आवागमन प्रयोजन |
| ५. | एम्बुलेन्स | सङ्ख्या | १ | आपतकालिन सेवामा |
| ६. | ब्याकहो लोडर | सङ्ख्या | १ | निर्माण कार्यकालागि |

स्रोतः *सुनापती* गाउँपालिकाको कार्यालय २०८२

## २.५ आर्थिक अवस्था

### २.५.१ बैंक तथा वित्तीय संस्था

यस गाउँपालिकामा २ वटा वाणिज्य बैङ्क र ४ वटा लघु वित्तले आर्थिक क्षेत्रमा सहयोग पुऱ्याइरहेका छन्।

### २.५.२ सहकारी संस्थाको विवरण

गाउँपालिकामा रहेका ४२ सहकारी संस्थामध्ये कृषि (१६) , बहुउद्देश्यीय (१२) र वचत तथा ऋण (१०) गरी तीन प्रमुख प्रकारका सहकारीहरू छन्। सहकारी संस्थाहरूको सदस्य सङ्ख्या शेयर पुँजी, ऋण लगानी सम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. ६: गाउँपालिकामा रहेका सहकारी संस्थाहरू सम्बन्धी विवरण

| क्र. सं. | सहकारीको नाम | ठेगाना | सहकारीको प्रकार | सदस्य सङ्ख्या | शेयर पुँजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष |
|---|---|---|---|---|---|---|---|---|
| १ | विनि कृषि सहकारी संस्था लि. | १ | कृषि | ५०० | ५०००० | | | |
| २ | जागरण वचत तथा ऋण सहकारी संस्था लि. | १ | वचत तथा ऋण | १०२ | ९०००० | १०१०००० | २००००० | ० |
| ३ | हातेमाले बहुउद्देश्यी सहकारी संस्था लि | १ | बहुउद्देश्यीय | ३० | ३००० | ० | ० | ० |
| ४ | गुन्सी ग्रामिण कृषि सहकारी संस्था | १ | कृषि | २५ | १००००० | ० | १२५०० | ० |
| ५ | एच्छिक बहेउद्देश्यीय सहकारी | १ | बहुउद्देश्यीय | ३४ | ३००० | ० | ० | ० |
| ६ | गुँरास कृषि सहकारी संस्था | १ | कृषि | १०१ | ११४००० | ५००० | ० | ७२३२० |
| ७ | महादेव बहुउद्देश्यीय सहकारी संस्था | १ | बहुउद्देश्यीय | ० | ० | ० | ० | ० |
| ८ | गुन्सी साना किसान कृषि सहकारी | १ | कृषि | ५१ | ० | ० | ० | ० |
| ९ | लाकुरी भन्ज्याङ कृषि सहकारी | १ | कृषि | ३१ | २००००० | ० | ० | ० |
| १० | फलाम पोखरी कृषि सहकारी संस्था | २ | कृषि | ५५ | २०३२००० | १६९१७० | ५२९१२४ | ० |

| क्र. सं. | सहकारीको नाम | ठेगाना | सहकारीको प्रकार | सदस्य सङ्ख्या | शेयर पुँजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष |
|---|---|---|---|---|---|---|---|---|
| ११ | लाखपति बहुउद्देश्यीय सहकारी संस्था | २ | बहुउद्देश्यीय | ३० | ३००० | ० | ० | ० |
| १२ | सक्षम बहेउद्देश्यीय सहकारी संस्था | २ | बहुउद्देश्यीय | ३० | ३००० | ० | ० | ० |
| १३ | सुनौलो सपना वचत तथा ऋण सहकारी | २ | वचत तथा ऋण | ३० | ० | ० | ० | ० |
| १४ | आरम्भ बहुउद्देश्यीय सहकारी संस्था | २ | बहुउद्देश्यीय | २५ | ० | ० | ० | ० |
| १५ | प्रगतीशिल कृषि सहकारी संस्था | २ | कृषि | ० | ० | ० | ० | ० |
| १६ | साहसी कृषि सहकारी संस्था | ३ | कृषि | १४६ | ५२०३०० | १८७५४२० | ३६६९६६७ | २७४२७६ |
| १७ | शेरपलिङ बहुउद्देश्यीय सहकारी संस्था | ३ | बहुउद्देश्यीय | ९२ | ० | ० | ० | ० |
| १८ | दिदिवहिनी वचत तथा ऋण सहकारी | ३ | वचत तथा ऋण | ७९ | १३१००० | १४८०७० | २७९०७० | ० |
| १९ | हिलेदेवी वचत तथा ऋण सहकारी | ३ | वचत तथा ऋण | ६४८ | २९६५००० | ५०३८२८६ | १०६१३२४४ | २०४९९६६ |
| २० | सुनापती वचत तथा ऋण सहकारी संस्था | ३ | वचत तथा ऋण | ० | ० | ० | ० | |
| २१ | ओमच्यान्देन्धे कृषि सहकारी संस्था | ३ | कृषि | २५ | ० | ० | ० | ० |
| २२ | शितल कृषि सहकारी संस्था | ३ | कृषि | ० | ० | ० | ० | ० |
| २३ | हार्मोनी बहेउद्देश्यीय सहकारी | ३ | बहुउद्देश्यीय | ५० | ० | ० | ० | ० |
| २४ | सुन्दर वचत तथा ऋण सहकारी संस्था | ३ | वचत तथा ऋण | ० | ० | ० | ० | ० |
| २५ | जनभावना वचत तथा | ३ | वचत तथा ऋण | ० | ० | ० | ० | ० |

| क्र. सं. | सहकारीको नाम | ठेगाना | सहकारीको प्रकार | सदस्य सङ्ख्या | शेयर पुंजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष |
|---|---|---|---|---|---|---|---|---|
| | ऋण सहकारी संस्था | | | | | | | |
| २६ | पुविसुधार कृषि सहकारी संस्था | ४ | कृषि | ४६५ | ० | ० | ० | ० |
| २७ | ग्रामिण विकास वचत तथा ऋण सहकारी | ४ | वचत तथा ऋण | १६५ | १५१७५०० | ९४२४९ | ३०३०००१ | ० |
| २८ | लाकेश्वरी कृषि सहकारी संस्था | ४ | कृषि | ४०० | ० | ० | ० | ० |
| २९ | जनचेतना महिला वचत तथा ऋण सहकारी | ४ | वचत तथा ऋण | ४५ | ११४१०० | २८३०२ | १४२४०२ | ० |
| ३० | नवजिवन वचत तथा ऋण सहकारी संस्था | ४ | वचत तथा ऋण | ५०२ | २७९४१०० | २७०३३७८ | ८२८१९५९ | ० |
| ३१ | सुनाखरी बहेउद्देश्यीय सहकारी | ४ | बहुउद्देश्यीय | ११८ | ४९८००० | १५९९८ | ४४०००० | ४११०० |
| ३२ | नाङ्शल बहुउद्देश्यीय सहकारी संस्था | ४ | बहुउद्देश्यीय | २९१ | ६४२२३०० | ५४८४६४३ | ५२६५९८ | ७२४७७२ |
| ३३ | श्रीकृष्ण साना किसान कृषि सहकारी | ४ | कृषि | ३० | ० | ० | ० | ० |
| ३४ | भल्वाडी वचत तथा ऋण सहकारी संस्था | ४ | वचत तथा ऋण | २५ | ० | ० | ० | ० |
| ३५ | सुनापती कृषि सहकारी संस्था | ४ | कृषि | ३१८ | ११८०५०० | २४४८७०२ | ३६५२१८६ | २६९००२ |
| ३६ | ह्यांला डिही बहुउद्देश्यीय सहकारी | ४ | बहुउद्देश्यीय | ० | ० | ० | ० | ० |
| ३७ | चण्डादेवी साना किसान कृषि सहकारी संस्था | ५ | कृषि | ४४५ | ४४७००० | ३२३४६९७ | ३६२४२५९ | ४३३३५० |
| ३८ | सचेतना महिला वचत तथा ऋण सहकारी | ५ | वचत तथा ऋण | २७० | २७९६०० | २२२९१२३ | २९३३२०६ | ० |
| ३९ | प्रगतीशिल कृषि सहकारी संस्था | ५ | कृषि | ४५० | ५८९३०० | ६२६४४३५ | ७०६२९०५ | ३७४९४७ |
| ४० | कृजन कृषि | ५ | कृषि | ३६२ | १५०१०० | १९८२० | ४१०००० | १३८१११ |

| क्र. सं. | सहकारीको नाम | ठेगाना | सहकारीको प्रकार | सदस्य सङ्ख्या | शेयर पुँजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष |
|---|---|---|---|---|---|---|---|---|
| | सहकारी संस्था लि | | | | | | | |
| ४१ | उर्जाशिल कृषि सहकारी सस्था | ५ | कृषि | १९८ | १२२९८०० | २४०५७९४ | ३१९०००० | १०१७१४ |
| ४२ | जलदेवी वचत तथा ऋण सहकारी | ५ | वचत तथा ऋण | ५७ | ० | ० | ० | |

स्रोतः *सुनापती* गाउँपालिकाको कार्यालय २०८२

## २.५.३ प्रमुख बजार सम्बन्धी विवरण

यस गाउँपालिकाका प्रमुख बजारहरूमा साँदी र गाल्पा बजार प्रमुख रुपमा रहेका छन्।

## २.५.४ व्यापार व्यवसाय सम्बन्धी विवरण

गाउँपालिकाको राजस्व इकाइ र कृषि शाखाबाट प्राप्त तथ्याङ्क अनुसार यस गाउँपालिकामा ९३१ वटा व्यवसाय अनुमान गरिएको छ। ती मध्ये सबैभन्दा बढी कृषि तथा पशुपन्छीजन्य व्यवसाय ६७९ रहेका छन्। किराना पसल ५३ वटा र होटल तथा खाजा घर ४७ वटा रहेका छन्। निर्माण व्यवसाय, फेन्सी पसल, कम्प्युटर तथा बिजुली पसल, टेलरिङ्ग, मासु पसल, ब्युटी पार्लरजस्ता साना व्यवसायहरू पनि सञ्चालनमा रहेका छन्। यद्यपि, अझै करिब १०० वटा व्यवसायहरू दर्तामा आउन बाँकी रहेको अनुमान गररिएको छ। समग्रमा, कृषिमा निर्भरता धेरै देखिए तापनि व्यवसायिक विस्तार र विविधता पनि क्रमशः वृद्धि भइरहेको बुझ्न सकिन्छ।

तालिका नं. ७: गाउँपालिकामा रहेका उद्योगहरूको विवरण

| क्र.सं. | व्यवसायको किसिम | अनुमानित सङ्ख्या |
|---|---|---|
| १ | किराना पसल | ६५ |
| २ | होटल | ३० |
| ३ | कृषि तथा पशुपन्छी फर्म | ३४ |
| ४ | दर्तामा आउन बाँकी रहेका व्यवसाय अनुमानित | ५० |
| | जम्मा | १७९ |

स्रोतः *सुनापती* गाउँपालिका राजस्व इकाइ २०८२

# परिच्छेद तीनः गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहलाई प्राप्त राजस्व अधिकार र सो अधिकारको कार्यान्वयन, सम्भावना, समस्या तथा चुनौतीहरू र सुधार गर्नुपर्ने कार्यहरूको शीर्षकगत रूपमा विश्लेषण गरिएको छ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

यस शीर्षकमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (परिमार्जित २०७५) तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ (परिमार्जित २०७५) मा व्यवस्था गरिएका स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धी प्रावधानहरू प्रस्तुत गरिएको छ।

### ३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधान २०७२ को अनुसूची-८ (स्थानीय तहको अधिकार सूची) को प्रावधानअनुसार स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरिएको छः

- सम्पत्ति कर
- भूमिकर (मालपोत)
- घर जग्गा बहाल कर
- घर जग्गा रजिस्ट्रेसन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- मनोरञ्जन कर
- दण्ड जरिवाना

त्यसै गरी नेपालको संविधान २०७२ मा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी निम्नलिखित धारामा थप प्रावधान देहायअनुसार रहेको छः

#### धारा २२८ कर लगाउन वा ऋण लिन नपाईने

(१) कानुन बमोजिम बाहेक स्थानीय तहमा कुनै पनि किसिमको कर लगाउन, उठाउन र ऋण लिने अधिकार दिइएको छैन।

(२) स्थानीय तहको अधिकार क्षेत्रभित्रका विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सकिनेछ।

## धारा २३६ अन्तर प्रदेश व्यापार

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको वाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन।

*यस प्रावधानअनुसार एक स्थानीय तहबाट अर्को स्थानीय तहमा वस्तुको ढुवानी गर्दा पटके कर सङ्कलन गर्न पाइने छैन।*

## ३.१.२ कानुनी व्यवस्था (स्थानीय सरकार सञ्चालन ऐन २०७४)

सङ्घीय कानुन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरिएको छः

### (क) गाउँपालिकाको एकल अधिकारः

### अ) कर

**१) सम्पत्ति करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन २०७५) को दफा ५५ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्रको घर र जग्गामा सम्पत्ति कर लगाउन पाउने व्यवस्था गरिएको छ। यसरी सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई, बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनुपर्ने व्यवस्था गरिएको छ। **"घरले चर्चेको जग्गा"** भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गालाई बुझाउँछ। घर जग्गामा सम्पत्ति कर लगाउँदा घर जग्गाको मूल्याङ्कनका आधारहरू निम्नानुसार हुनेछन्ः

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तीको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

(घ) सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिक स्तर र कर तिर्न सक्ने क्षमताका आधारमा

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको र जग्गामा सम्पत्ति कर लाग्ने छैनः

(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घरजग्गा

(२) सरकारी अस्पतालको घर र घरजग्गा,

(३) गुठीको स्वामित्वमा रहेको घर र जग्गा

(४) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड, सरकारी संस्थानको घर घरजग्गा

(५) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका सङ्घ, संस्थाको घर र घरजग्गा

(६) धार्मिक संस्था(मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा

(७) खानेपानी सङ्कलन पोखरी, विद्युत् गृह, मसानघाट, कब्रिस्थान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रङ्गशाला, उद्यान, पार्क, जस्ता सार्वजनिक उपयोगका स्थलहरू

(८) राजदूतावास, वाणिज्य नियोग, कूटनैतिक नियोगका घर र घरजग्गा

२) भूमिकर(मालपोत) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र दफा ५५ बमोजिम घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनुपर्ने व्यवस्था दफा ५६ मा गरिएको छ।यस आधारमा, घर र चर्चेको जग्गाको क्षेत्रफलमा सम्पत्ति कर लागू गरी यसबाहेकको जग्गामा भूमिकर लागू गरिन्छ।

यसरी, प्रत्येक घर र जग्गाको मूल्याङ्कन गरी, यस आधारमा यी दुई किसिमका करहरू(सम्पत्ति कर र भूमिकर) लागू गरिन्छ।

३) **घर जग्गा बहाल करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार, गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको खण्डमा, त्यस्तो सम्पत्तिको बहाल रकमको आधारमा कर निर्धारण गरी बहाल कर लगाउने व्यवस्था गरिएको छ।

४) **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ अनुसार, गाउँपालिका वा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरिएको छ।व्यवसाय करको दर व्यापारिक गतिविधिको मापदण्ड र पूँजीगत लगानीको आधारमा कर निर्धारण गरिन्छ।

५) **जडीबुटी, कवाडी र जीवजन्तु करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ अनुसार, गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, कानुनले निषेध नगरेका मरेका वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकारको वस्तुको व्यावसायिक उपयोग गरे बापत जडीबुटी, कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था गरिएको छ।

### आ) शुल्क

१) **बहाल बिटौरी शुल्कः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ अनुसार, गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाटबजार, पसल, वा सरकारी जग्गामा बनेका संरचनाहरूको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउने व्यवस्था गरिएको छ।यो शुल्क ऐलानी जग्गामा बसोबास गर्ने व्यक्तिहरूसँग पनि उठाउन सकिन्छ।

२) **पार्किङ शुल्कः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० अनुसार, गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत पार्किङ शुल्क लगाउने व्यवस्था गरिएको छ।

## इ) सेवा शुल्क (दफा ६२)

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ अनुसार, गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायकिङ्ग, बञ्जी जम्प, जिप फ्लायर, र्‍याफ्टिङ्ग, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था गरिएको छ।

२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६३ अनुसार, गाउँपालिका वा नगरपालिकाले आफूले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र विभिन्न सेवामा सेवा शुल्क लगाउने व्यवस्था गरिएको छ।

३) यसमा खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोवीघाट, सडक, बसपार्क, पुल लगायतका अन्य सेवाहरू समावेश छन्।

४) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क

५) सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

६) पर्यटन सेवा शुल्क

स्थानीय तहले आफैले निर्माण, व्यवस्थापन वा सञ्चालन गरेका पर्यटकीय पूर्वाधारमा प्रवेश शुल्क लिन पाउँछ। तीन तहका सरकार बाहेक अन्य कुनै सरकारी निकाय, समिति वा आयोजनाबाट पर्यटन शुल्क लिन नपाइने व्यवस्था रहेको छ।

## ई) बिक्री गर्न सक्ने (दफा ६२ क)

१) केही **नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५** ले **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** मा **दफा ६२(क)** थप गरी गाउँपालिका तथा नगरपालिकालाई आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययन र परीक्षणबाट तोकिएको परिमाणअनुसार स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, र माटोजन्य वस्तु बिक्री गर्न सक्ने अधिकार प्रदान गरेको छ।

२) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेको **सार्वजनिक तथा ऐलानी जग्गामा** रहेको **काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर** जस्ता प्राकृतिक स्रोतहरू नियमनसहित बिक्री गर्ने व्यवस्था गरिएको छ।

३) **नेपाल सरकारद्वारा जारी "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" अनुसार**, स्लेट, ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तुहरूको बिक्रीबाट सङ्कलित राजस्वलाई निम्नानुसार विभाजन गर्नुपर्ने व्यवस्था गरिएको छः

क) ६० प्रतिशत राजस्व स्थानीय तहको स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ।

ख) **४० प्रतिशत** राजस्व **प्रदेश सञ्चित कोषमा** जम्मा गर्नुपर्नेछ।

नोटः मापदण्ड बमोजिम ऐनमा संशोधन नभई सकेको अवस्था रहेको छ।

### उ) सामुदायिक वनबाट आय प्राप्त गर्ने (दफा ६२ ख)

१) **सामुदायिक** वन उपभोक्ता समितिले आफ्नो **वन पैदावार बिक्री तथा उपयोग** सम्बन्धी वार्षिक कार्ययोजना तयार गरी **गाउँपालिका वा नगरपालिकाबाट स्वीकृत** गराउनु पर्नेछ।

२) वन पैदावारको बिक्रीबाट प्राप्त हुने आम्दानीको **१० प्रतिशत रकम** सम्बन्धित गाउँपालिका वा नगरपालिकाको **सञ्चित कोषमा जम्मा** गर्नुपर्ने व्यवस्था गरिएको छ।

**नोटः** २०७६ आश्विन २७ गते प्रमाणीकरण गरिएको वन ऐन २०७६ ले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ मा भएको प्रावधानलाई यसरी प्रभावित पारेको छः

### ऊ) वन विकासका लागि खर्च गर्नुपर्ने (वन ऐन २०७६ दफा २२ )

१. सामुदायिक वन उपभोक्ता समूहको आयको उपयोग सम्बन्धी व्यवस्था

२. उपभोक्ता समूहले आफ्नो वार्षिक आयबाटः

- कम्तीमा २५ प्रतिशत रकम वनको विकास, संरक्षण, र व्यवस्थापन कार्यमा खर्च गर्नुपर्नेछ।
- बाँकी रहेको रकममध्ये कम्तीमा ५० प्रतिशत रकम स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण, र उद्यम विकास कार्यमा खर्च गर्नुपर्नेछ।

३. उपदफा (१) बमोजिम तोकिएका कार्यहरूमा खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहको हितका लागि उपयोग गरिनेछ।

### ए) प्रचलित कानुन बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
- स्थानीय सहकारी संस्था
- १०० वाट सम्मको एफएम रेडियो
- घ वर्गको ठेक्का इजाजत
- सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम
- मातृ भाषामा शिक्षा दिने विद्यालय
- ट्युसन, कोचिङ
- औषधि पसल
- परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा
- ढुङ्गा, गिट्टी, बालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग
- स्थानीय स्तरका व्यापारिक फर्म
- स्थानीय तहका पत्रपत्रिका

- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक
- स्थानीय स्तरका सङ्घ संस्था
- इन्टरनेट, टेली सेन्टर, केबुल तथा तार विहीन टेलिभिजन
- लघु घरेलु तथा साना उद्योग (कार्य जिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)
- नक्सा पास दस्तुर (स्थाससंऐ दफा ३३ को ४)
- दण्ड जरिवाना (असविव्यऐ)

नोटः यी सबै शीर्षकहरू व्यवसाय रजिस्ट्रेसन दस्तुर अन्तर्गत पर्दछन्।

### ३.१.३ कानुनी व्यवस्था(अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४)

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन तथा प्राप्त गर्ने अधिकार प्रदान गरिएको छ।

#### क) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट (दफा ७)

नेपाल सरकार, प्रदेश र स्थानीय सरकार बिच प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँटका लागि नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस प्रकारको रोयल्टीबाट प्राप्त हुने रकम सो कोषमा जम्मा गर्नेछ। प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रत्यक्ष प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत प्रदान गरिनेछ। प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टीका शीर्षक तथा प्रदान बाँडफाँटको प्रतिशत तपसिलमा उल्लेख गरिएका छन्ः

तालिका नं. ८: प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट(प्रतिशतमा)

| क्र.सं. | रोयल्टीको शीर्षक | नेपाल सरकार | प्रत्यक्ष प्रभावित प्रदेश | प्रत्यक्ष प्रभावित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत् | ५० | २५ | २५ |
| ३ | वन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोतः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, अनुसूची ४ दफा ७ को उपदफा (२) सँग सम्बन्धित*

## (ख) राजस्व बाँडफाँट

### १) प्रदेश सरकारबाट गरिने बाँडफाँट (दफा ५)

तालिका नं. ९: स्थानीय र प्रदेश तह बीचको राजस्व बाँडफाँट(प्रतिशतमा)

| क्र.सं. | करका क्षेत्रहरू | सङ्कलन गर्ने तह | राजस्व बाँडफाँट (प्रतिशतमा) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| १ | सवारी साधन कर | प्रदेश | ६० | ४० |
| २ | घरजग्गा रजिष्ट्रेशन शुल्क | स्थानीय | ४० | ६० |
| ३ | मनोरञ्जन कर | स्थानीय | ४० | ६० |
| ४ | विज्ञापन कर | स्थानीय | ४० | ६० |

*स्रोतः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४*

**प्रदेश सरकारले सङ्कलन गरेको सवारी साधन करबाट प्राप्त रकमको ४० प्रतिशत रकम** पनि **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले** निर्धारण गरेको प्रतिशतको आधारमा सम्बन्धित स्थानीय तहहरू बिच बाँडफाँट हुने व्यवस्था गरिएको छ। यसका अतिरिक्त, स्थानीय तहबाट सङ्कलन भएका **घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर,** र **विज्ञापन कर**को **४० प्रतिशत** रकम सम्बन्धित प्रदेशलाई पठाउनु पर्ने व्यवस्था छ।

नोटः घरजग्गा रजिस्ट्रेसन शुल्क प्रदेश कानुन बमोजिम हाललाई नेपाल सरकार अन्तर्गतको मालपोत कार्यालय मार्फत उठाई सम्बन्धित स्थानीय तहलाई ६० प्रतिशत र प्रदेश सरकारलाई ४० प्रतिशतका दरले बाँडफाँट गर्ने व्यवस्था मिलाइएको छ।

### २) नेपाल सरकारबाट गरिने राजस्व बाँडफाँट

#### क) मूल्य अभिवृद्धि कर, अन्तःशुल्क (दफा ६)

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम मध्येबाट उठेको रकमलाई सङ्घीय विभाज्य कोष खडा गरी त्यस कोषमा जम्मा गर्नेछ। सो रकमको ७० प्रतिशत सङ्घीय सञ्चित कोषमा, १५ प्रतिशत प्रदेश विभाज्य कोषमा र १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ। प्रदेश विभाज्य कोष र स्थानीय विभाज्य कोषमा जम्मा गरिएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रत्येक प्रदेश र स्थानीय तहलाई बाँडफाँट गरिनेछ। यसरी बाँडफाँट गरिएको रकम प्रदेश सञ्चित कोष र प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम सम्बन्धित स्थानीय कोषमा जम्मा हुने गरी मासिक रूपमा उपलब्ध गराइनेछ।

तालिका नं. १०: मूल्य अभिवृद्धि कर, अन्तःशुल्कको बाँडफाँट(प्रतिशतमा)

| क्र.सं. | स्रोतहरू | सङ्घ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|---|
| १ | मूल्य अभिवृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| २ | अन्तःशुल्क | ७० | १५ | १५ |

*स्रोतःअन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, परिच्छेद ३ (६)*

## ३) अनुदानको व्यवस्था (परिच्छेद ४)

सङ्घीय तथा प्रदेश सरकारबाट प्रदान गरिने **वित्तीय समानीकरण अनुदान** **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**ले निर्धारण गरेको सिफारिसको आधारमा स्थानीय तहहरू बिच बाँडफाँट हुने व्यवस्था गरिएको छ। यसै गरी, **सङ्घीय** तथा **प्रदेश सरकारले** आयोगले तोकेको आधार बमोजिम **सशर्त अनुदान** प्रदान गर्ने व्यवस्था गरिएको छ। **समपूरक** तथा **विशेष अनुदान**का लागि स्थानीय तहहरूबाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधारमा **सङ्घीय** तथा **प्रदेश सरकारले** अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ।

क) वित्तीय समानीकरण अनुदानः स्थानीय तहले खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा सङ्घ र प्रदेशबाट प्राप्त गर्नेछ।(दफा ८)




ख) सशर्त अनुदानः स्थानीय तहले कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त गर्नेछ।(दफा ९)

ग) समपूरक अनुदानः स्थानीय तहले पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त गर्नेछ।(दफा १०)

घ) विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाका लागि संघ र प्रदेशबाट प्राप्त गर्नेछ।(दफा ११)

## ४) वैदेशिक सहायता तथा आन्तरिक ऋण(परिच्छेद ५)

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने।

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ। स्थानीय तहले कानुन बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्नअनुसारका थप व्यवस्थाहरू रहेका छन्।

| स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गरिएको व्यवस्था | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४) मा गरिएको व्यवस्था |
|---|---|
| - कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामूहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्रमा कर नलाग्ने | - कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने<br>- गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने<br>- कर वा गैर कर राजस्वको प्रस्ताव तयार गर्दा वा |

| | |
|---|---|
| - सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने | भइरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पर्ने प्रभावसमेत उल्लेख गर्नु पर्ने<br>- राजस्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने |

## ३.२ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था

गाउँपालिकाको आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरू, परिचालनको विद्यमान अवस्था, सम्भावनाको शीर्षकगत रूपमा विश्लेषण गर्दै प्रभावकारी परिचालनका उपायहरूको खोजी गरिएको छ।

तालिका नं. ११: आन्तरिक आय सङ्कलनको विद्यमान अवस्था विवरण

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण भएको/नभएको | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| **क.** | **कर राजस्व** | | | |
| १ | सम्पत्ति कर | भएको | भएको | भएको |
| २ | भूमिकर (मालपोत) | भएको | भएको | भएको |
| ३ | घरजग्गा बहाल कर | भएको | भएको | भएको |
| ४ | व्यवसाय कर | भएको | भएको | भएको |
| ५ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इ रिक्सा) | नभएको | नभएको | नभएको |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | भएको | भएको | भएको |
| ७ | विज्ञापन कर | भएको | भएको | नभएको |
| ८ | मनोरञ्जन कर | नभएको | नभएको | नभएको |
| **ख).** | **गैर कर राजस्व** | | | |
| **ख.१** | **शुल्क, सेवा शुल्क तथा महसुल** | | | |
| १ | बहाल बिटौरी शुल्क | भएको | नभएको | भएको |
| २ | पार्किङ शुल्क | नभएको | नभएको | नभएको |
| ३ | पर्यटन शुल्क | भएको | नभएको | नभएको |
| ४ | परीक्षा शुल्क | भएको | भएको | भएको |
| ५ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका | नभएको | नभएको | नभएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण भएको/नभएको | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| | स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क | | | |
| ६ | केबलकार, ट्रेकिङ, कायाकिङ्ग, बन्जीजम्प, जिप फ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | नभएको | नभएको | नभएको |
| ७ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | नभएको | भएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | नभएको | नभएको | नभएको |
| ९ | अस्पताल सञ्चालन | भएको | नभएको | नभएको |
| १० | एम्बुलेन्स सञ्चालन | भएको | भएको | भएको |
| ११ | दमकल सञ्चालन | नभएको | नभएको | नभएको |
| १२ | मूल्याङ्कन सेवा शुल्क | भएको | भएको | भएको |
| १३ | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| १४ | स्थानीय विद्युत् महसुल | नभएको | नभएको | नभएको |
| **ग.** | **दस्तुर** | | | |
| १ | नक्सा पास दस्तुर | भएको | भएको | भएको |
| २ | सिफारिस/प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ३ | व्यक्तिगत घटना दर्ता दस्तुर | भएको | भएको | भएको |
| ४ | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |
| **घ.** | **बिक्री तथा अन्य आय** | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | भएको | नभएको | भएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | भएको | भएको | भएको |
| ३ | अन्य बिक्रीबाट प्राप्त रकम | भएको | भएको | भएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण भएको/नभएको | सङ्कलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| ४ | सामुदायिक वनबाट आय प्राप्त | भएको | नभएको | नभएको |
| ५ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | भएको | भएको | भएको |
| ६ | न्यायिक दण्ड जरिवाना | भएको | भएको | भएको |
| ७ | प्रशासनिक दण्ड जरिवाना | भएको | भएको | भएको |

यस गाउँपालिकाको आय स्रोत विश्लेषण गर्दा कर राजस्वतर्फ अधिकांश शीर्षकहरूमा सम्भावना, सङ्कलन र दर निर्धारण भएका छन्, जस्तै सम्पत्ति कर, भूमिकर, व्यवसाय कर आदि। तर, सवारी कर र मनोरञ्जन करमा यस्ता क्रियाकलाप देखिँदैनन्।गैर-कर राजस्वतर्फ केही सेवामा सम्भावना भए पनि सङ्कलन हुन नसकेको छ, जस्तै पर्यटन शुल्क, खानेपानी महसुल आदि।दस्तुरतर्फ सबैजसो क्षेत्र सक्रिय छन्। बिक्री तथा अन्य आयतर्फ खानीजन्य वस्तुको बिक्री र जरिवाना आम्दानीका प्रमुख स्रोत छन।समग्रमा, सेवा शुल्क र नयाँ स्रोतको परिचालनले राजस्व वृद्धि गर्न सकिन्छ।

## ३.३ आन्तरिक आय सङ्कलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना विश्लेषण

### ३.३.१ स्थानीय कर राजस्व

#### (क)सम्पत्ति कर

**विद्यमान अवस्था:**

यस गाउँपालिकाले आर्थिक ऐन २०८१ मा सम्पत्ति कर सम्बन्धी व्यवस्था दफा २ मा उल्लेख गरिएको छ।यस क्षेत्रमा व्यक्ति वा संस्थाको नाममा दर्ता भएका र दर्ता हुन बाँकी रहेका जग्गामा निर्माण भएका घर, भवन वा संरचना तथा निर्मित घर, भवन वा संरचनाको जग्गामा अनुसूची-१ बमोजिम सम्पत्ति कर लगाई असुल उपर गर्ने उल्लेख गरिएको छ।

आ.व.२०८०/८१ मा यस शीर्षकबाट रु.२५ हजार ५ सय सङ्कलन भएको थियो।चालु आ.व.मा यस शीर्षकमा बैशाख २१ गते सम्म रु.३६ हजार ३ सय १ सङ्कलन भएको छ।

**सम्भाव्यता:**

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदनअनुसार यस गाउँपालिकाको जनगणना गरिएको घर सङ्ख्याको आधारमा यस गाउँपालिकामा रहेका घरको सङ्ख्या ४६८७ अनुमान गरिएको छ। विद्यमान कानुनी व्यवस्थाअनुसार घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा सो आधारमा करिब ४६८७ घरपरिवारसँग घर तथा अन्य संरचना र जग्गा रहेको अनुमान गरिएको छ।यही सङ्ख्यालाई कुल सम्पत्ति करदाताको सङ्ख्या कायम तलको तालिका अनुसारको दर कायम गरी सङ्कलन गर्दा रु.५ लाख ८५ हजार १ सय १० सङ्कलनको सम्भावना देखिन्छ।

तालिका नं. १२: सम्पत्ति कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क सं | सम्पत्तिको मूल्य | सम्पत्तिको मूल्य अङ्कमा | करदाता सङ्ख्या | करको दर | जम्मा करको दर | जम्मा सङ्कलन |
|---|---|---|---|---|---|---|
| १ | रु.२ लाख रुपयाँ सम्म | २,०००,०० | ३४०१ | १०० | १०० | ३४००५२ |
| २ | त्यसपछिको थप ५ लाख लाखसम्म | ५००००० | ५७९ | १५० | २५० | १४४६५९ |
| ३ | त्यसपछिको थप १० लाख लाखसम्म | १०००००० | १७२ | १७० | ४२० | ७२२०३ |
| ४ | त्यसपछिको थप २० लाख लाखसम्म | २०००००० | २९ | १८० | ६०० | १७६११ |
| ५ | त्यसपछिको थप ३० लाख लाखसम्म | ३०००००० | ८ | १९० | ७९० | ६६२५ |
| ६ | त्यसपछिको जति भएपनि | २५०००००० | ४ | २०० | ९९० | ३९६० |
| | जम्मा | | ४१९३ | | | ५८५११० |

### सुझावहरू

- सम्पत्ति करको दरलाई वैज्ञानिक बनाउन सम्पत्तिको मूल्याङ्कन र सम्पत्तिको परिभाषा, मूल्याङ्कन पद्धति, ह्रासकट्टी र करका दरहरू समावेश गरिएको कार्यविधि तयार पार्ने र सो कार्यविधिमा सम्पत्ति कर असूलीका प्रक्रियागत व्यवस्था तथा कर नलाग्ने सम्पत्तिहरूको स्पष्ट व्यवस्था गर्ने।
- सम्पत्ति करको विवरण प्रणालीसँग घरजग्गा बहाल कर र व्यवसाय करलाई पनि आबद्ध गर्ने।
- सम्पत्ति करको मूल्याङ्कन र घरजग्गा रजिस्ट्रेसनमा एउटै मूल्याङ्कन दर कायम गर्ने।
- करदाताको एकिन तथ्याङ्क पहिचान गरी विवरण सफ्टवेयरमा अद्यावधिक गर्ने।

## (ख) मालपोत वा भूमिकर

### विद्यमान अवस्था

यस गाउँपालिकामा भित्र रहेका व्यक्ति तथा संस्थाको नाममा दर्ता भई जग्गाधनी प्रमाणपुर्जा भएका सबै जग्गाहरूमा जग्गाको वर्ग (प्रकार) अनुसार र सम्पत्ति कर भित्र पर्ने जग्गाहरू बाहेकका सबै जग्गाहरूमा अनुसूची-४ बमोजिम मालपोत तथा भूमिकर अशुल उपर गरिने व्यवस्था दफा ३ मा गरिएको छ। आ.व.२०८०/८१ मा यस शीर्षकबाट रु.४ लाख ५६ हजार ७ सय ६७ सङ्कलन भएको थियो।चालु आ.व.मा यस शीर्षकमा बैशाख २१ गते सम्म रु.३ लाख ६६ हजार २ सय ३३ सङ्कलन भएको छ।

### सम्भाव्यता:

यस गाउँपालिका भूउपयोग वर्गीकरण अनुसार ४५७०.३ हेक्टर जमिन खेतीयोग्य रहेको छ।यसलाई रोपनीमा बदल्दा ८९८०६ रोपनी हुन आउँछ। जम्मा घरपरिवारको करिब आधा परिवारसँग दुइजना व्यक्तिसँग जग्गाको स्वामित्व छ भनी अनुमान गर्दा जम्मा ६२९० जनासँग जग्गाको स्वामित्व भएको अनुमान गरिएको छ। खेती योग्य जग्गालाई सडकले छोएको तथा बजार क्षेत्र, आवास क्षेत्र, कृषि क्षेत्र खेत र कृषि क्षेत्र पाखो गरी ४ भागमा विभाजन गरी सो अन्तर्गत पर्ने तलको तालिका बमोजिमका दरहरू राखेर आंकलन गर्दा मालपोतबाट गाउँपालिकाले वार्षिक रु.७ लाख १६ हजार ५ सय ३८ सङ्कलन गर्न सक्ने अनुमान गरिएको छ।

तालिका नं. १३: मालपोत सम्बन्धी सम्भाव्यता विश्लेषण

| जग्गा विवरण | करदाता सङ्ख्या (अनुमानित) | क्षेत्रफल रोपनी | प्रति रोपनी दररेट | सम्भाव्य सङ्कलन रु. |
|---|---|---|---|---|
| **सडकले छोएको तथा बजार क्षेत्र** | ८८८ | १२६८० | १२ | १५२१५५ |
| **आवास क्षेत्र** | ११३४ | १६१९२ | १० | १६१९२१ |
| **कृषि क्षेत्र खेत** | १२८९ | १८४०५ | ८ | १४७२४३ |
| **कृषि क्षेत्र पाखो** | २९७९ | ४२५३६ | ६ | २५५२१९ |
| **जम्मा** | ६२९० | ८९८१४ | | ७१६५३८ |

### सुझावहरू

- बाटोले छोएको र नछोएको पत्ता लगाउन बाटोको लगत कट्टा गरी भुसूचना प्रणालीमा आवद्ध गर्ने
- मालपोत सङ्कलन कार्यविधि निर्माण गरी लागु गर्नुपर्ने।
- भूउपयोग योजना अनुसार जग्गाको वर्गीकरण गरी सो बमोजिम मालपोतका दर निर्धारण गर्ने।

## (ग) घरजग्गा बहाल कर

### विद्यमान अवस्था:

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, छप्पर, शेड, जग्गा, पोखरी वा पार्क पूर्ण वा आंशिक रूपमा बहालमा दिएको अवस्थामा अनुसार आर्थिक ऐन २०८१ मा उल्लेख गरेको पाइदैन। बहाल अङ्को १०% दरले आम्दानी रकममा बहाल कर लगाइ अशुल उपर गर्ने व्यवस्था शफ्टवेयरमा भने गरिएको छ।

आ.व.२०८०/८१ मा यस शीर्षकबाट रु.२ लाख ३८ हजार ५० सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा बैशाख २१ गते सम्म रु.४ लाख  ८ हजार ९ सय २९ सङ्कलन भएको छ।

### सम्भाव्यता:

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार यस गाउँपालिकामा ४१९३ परिवार रहेकोमा ती मध्ये ५० परिवार भाडामा बसेको अनुमान गरिएको छ। त्यस्तै गरी, ३४ परिवारले कृषि प्रयोजनका लागि जग्गा भाडामा लिएर खेती गरिएको अनुमान गरी घरजग्गा बहालकर अनुमान गर्दा घरजग्गा बहाल करबाट रु.४ लाख ६२ हजार सङ्कलन हुने सम्भावना देखिन्छ।

तालिका नं. १४: घरबहाल कर सम्बन्धी सम्भाव्यता विश्लेषण

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा दिइएको विवरण | घरजग्गा बहालमा दिने करदाता सङ्ख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित करको दर | घरबहाल कर |
|---|---|---|---|---|---|---|
| | | (क) | (ख) | (ग) | (घ) | (ङ) |
| | | अनुमानित | अनुमानित | क X ख X १२ | ग को १० प्रतिसत | जम्मा संङ्कलित रकम |
| १ | सङ्घ संस्था कार्यालय उद्योग व्यवसाय प्रयोजन | २५ | ८,००० | २४,००,००० | १० | २४०००० |

| क.सं. | प्रयोजनका आधारमा बहालमा दिइएको विवरण | घरजग्गा बहालमा दिने करदाता सङ्ख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित करको दर | घरबहाल कर |
|---|---|---|---|---|---|---|
| | | (क) | (ख) | (ग) | (घ) | (ङ) |
| | | अनुमानित | अनुमानित | क x ख x १२ | ग को १० प्रतिसत | जम्मा संङ्कलित रकम |
| २ | आवास प्रयोजनको लागि | ५० | २,००० | १२,००,००० | १० | १२०००० |
| ३ | कृषि प्रयोजनको लागि | ३४ | ५,००० | २०,४०,००० | ५ | १०२००० |
| | **जम्मा** | १०९ | | ५६४०००० | | ४६२००० |

### सुझावहरू

- आर्थिक ऐनमा घर जग्गा बहाल करलाई समावेश गर्ने
- बहाल आम्दानीको आधारमा करको दर निर्धारण गरी आर्थिक ऐन अनुरूप प्रगतिशील कर प्रणाली लागू गर्ने।
- घर तथा संरचनाको प्रकार र स्थानअनुसार न्यूनतम बहाल मूल्य निर्धारण गरी कर सङ्कलनको कार्यविधि तर्जुमा गर्ने।
- बहालमा बस्नेहरूको लगत सङ्कलन गरी सम्पत्ति करको अभिलेख प्रणालीसँग आबद्ध गर्ने।

## (घ) व्यवसाय कर

### विद्यमान अवस्थाः

यस गाउँपालिकामा दर्ता भई वा सम्बन्धित निकायबाट इजाजत प्राप्त गरी सुनापती गाउँपालिका क्षेत्रभित्र स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा, बैंक तथा वित्तीय संस्था, वा यस्तै प्रकारका कुनै पनि कारोबार सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई उद्योग वा व्यापार व्यवसायको प्रकृति, कारोबारको प्रकार, स्थानको विशिष्टता, र लगानीका आधारमा अनुसूची-४ अनुसार व्यवसाय कर असुल गरिने व्यवस्था आर्थिक ऐन २०८१ को दफा ५ मा गरिएको छ।

राजस्व इकाइको प्रतिवेदन अनुसार आ.व.२०८०/८१ मा व्यवसाय करलाई व्यवसाय रजिस्ट्रेसन शीर्षकमा सङ्कलन गरेको देखिन्छ।यस शीर्षकमा रु.८० हजार ८ सय रकम सङ्कलन भएको थियो।चालु आ.व.मा व्यवसाय कर शीर्षकमा बैशाख २१ गते सम्म रु.१ लाख ८४ हजार ५ सय ८१ रकम सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यताः

गाउँपालिकाको राजस्व इकाइमा दर्ता भएका व्यवसायीहरू १२९ वटा रहेका छन्।दर्ता नभएका व्यवसायीहरूको सङ्ख्या १०० भएको अनुमान गरी व्यवसाय करको सम्भाव्यता अध्ययन गरिएको छ।व्यवसायको प्रकार र आर्थिक ऐनमा उल्लेख गरिएको दरको आधारमा विश्लेषण गर्दा प्रति व्यवसाय तपशिलमा उल्लेखित दर अनुसार व्यवसाय कर निर्धारण गर्दा रु.४ लाख ७६ हजार ५ सय सङ्कलन हुने सम्भावना रहेको छ।

तालिका नं. १५: व्यापार व्यवसाय सम्बन्धी विवरण

| क्र.सं. | व्यवसायको किसिम | अनुमानित सङ्ख्या | औसत दर | जम्मा सम्भाव्य रकम रु |
|---|---|---|---|---|
| १ | किराना पसल | ६५ | १५०० | ९७५०० |
| २ | होटल | ३० | २००० | ६०००० |
| ३ | कृषि तथा पशुपन्छी फर्म | ३४ | ३५०० | ११९००० |
| ४ | दर्तामा आउन बाँकी रहेका व्यवसाय अनुमानित | १०० | २००० | २०००० |
| ५ | जम्मा | २२९ | | ४७६५०० |

### सुझावहरू

- सबै प्रकारका व्यवसायहरूको करको दर निर्धारण गरी राख्ने।
- व्यवसायीहरूसँग पर्याप्त छलफल गरी व्यवसायको प्रकृति तथा पुँजीगत लगानीको आधारमा व्यवसायहरूलाई वर्गीकरण गर्ने।
- व्यवसाय करलाई व्यवसायले भुक्तानी गर्ने भन्ने शीर्षकमा नराख्ने।
- व्यवसाय कर र व्यवसाय रजिस्ट्रेसन दस्तुरलाई अलग राखी पृथक अनुमान र अभिलेख व्यवस्थापन गर्ने।
- व्यवसायको वास्तविक स्थिति अनुगमन गरी नयाँ व्यवसाय दर्ता गर्ने तथा सञ्चालनमा नरहेका व्यवसाय हटाउने प्रक्रिया अघि बढाउने।
- कर असुलीमा आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, तथा उद्योग वाणिज्य संघसँग सहकार्य गर्ने।

## (ङ) जडीबुटी, कवाडी, जीवजन्तु कर

### विद्यमान अवस्थाः

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, जडीबुटी, कवाडी माल, र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरूको हाड, सिङ, प्वाँख, छाला, जस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत कर लगाइ असुल उपर गर्ने व्यवस्था अनुसार आर्थिक ऐनको दफा ६ मा जडीबुटी, कवाडी, कर शीर्षक र करका दरहरू अनुसूची-५ मा उल्लेख गरिएको छ।

यस शीर्षकमा गाउँपालिकाले जडीबुटी, कवाडी, तथा जीवजन्तु कर मध्ये जीवजन्तु कर र कवाडी कर सङ्कलन गर्न सक्ने सम्भावना रहेको छ।हालसम्म यस शीर्षकबाट रकम सङ्कलन भएको देखिदैन।

### सम्भाव्यताः

यस क्षेत्रमा सङ्कलन गरिने कवाडी सामानहरूमा मुख्य रूपमा कागज, टिन, फलाम र बोत्तल समावेश छन्। यस शीर्षकबाट वार्षिक रु.५० हजार सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

### सुझावहरू

- क्षेत्रगत अध्ययन गरी विभिन्न प्रकारका कवाडी सामानहरूको वार्षिक सङ्कलन क्षमता सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने।
- सङ्कलित तथ्याङ्कका आधारमा न्यूनतम ठेक्का रकमको यथार्थपरक अनुमान गर्ने।
- कवाडी व्यवसायमा संलग्न स्थानीय व्यवसायीहरूसँग छलफल गरी बजार मूल्य तथा सम्भावित ठेक्का रकम निर्धारण गर्ने।

### (च) वन पैदावार तथा कृषिजन्य पदार्थ निकासी कर

### विद्यमान अवस्थाः

यस गाउँपालिकाको आर्थिक ऐन २०८१को दफा ७ र ८ मा क्रमशः वन पैदावार तथा कृषिजन्य पदार्थ निकासी कर राखिएको छ।यस शीर्षकमा गाउँपालिकाले कर सङ्कलन गर्न पाउने अधिकार स्थानीय सरकार सञ्चालन २०७४ र नेपालको संविधानमा उल्लेख गरिएको छैन।कृषिजन्य पदार्थको निकासी गर्ने व्यवसायीलाई व्यवसाय करको दायरामा ल्याएर व्यवसाय कर सङ्कलन गर्नुपर्ने देखिन्छ।

## ३.३.२ गैर कर राजस्व

### (क) ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री

### विद्यमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले ढुङ्गा, गिट्टी, बालुवाको बिक्री तथा व्यवस्थापन बाट सङ्कलित राजस्व सञ्चित कोषमा राख्ने व्यवस्था गरेको छ।स्थानीय सरकार सञ्चालन ऐनमा भएको यस संशोधनसँगै यस शीर्षकको राजस्व स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्दछ। ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को बुँदा १४ अनुसार गाउँपालिका र नगरपालिकाले यस मापदण्ड बमोजिम साधारण निर्माणमुखी खानीजन्य र नदीजन्य पदार्थको बिक्री एवं अनुमति वा नवीकरण शुल्क वा करबाट सङ्कलित राजस्वमध्ये ६० प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषमा र ४० प्रतिशत सम्बन्धित प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा जम्मा हुने गरी बाँडफाँट गर्नु पर्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएको व्यवस्था विपरीत ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी हुँदा प्रदेश र स्थानीय तहबिच विवाद उत्पन्न भएको छ।आ.व.२०७६/७७ मलेपको प्रतिवेदन अनुसार मापदण्ड र ऐनमा फरक प्रावधान भएकोले राजस्व बाँडफाँडमा थप अस्पष्टता सिर्जना गरेको ब्यहोरा उल्लेख गरेको छ।

धारा २५१ को १ (झ) मा प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बिच उठ्न सक्ने सम्भावित विवादका विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न सुझाव दिने प्रावधान राखिएको छ।यस विषयमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्नु पर्ने अवस्था देखिन्छ।

संविधानको धारा २३५ मा सङ्घ, प्रदेश र स्थानीय तह बिच समन्वय कायम गर्न सङ्घीय सांसदले आवश्यक कानुन बनाउनेछ भनिएको छ। साथै, प्रदेश, गाउँपालिका वा नगरपालिका बिच समन्वय कायम गर्न र कुनै राजनैतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्नेछ भन्ने उल्लेख गरेको छ। सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध ऐन, २०७७ को दफा ४ को उपदफा (१) मा सङ्घले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानुन वा नियम बनाउँदा प्रदेश तथा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने उल्लेख गरेको छ। त्यसै गरी उपदफा (२) मा प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानुन वा नियम बनाउँदा सङ्घ वा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने, र कानुन वा नियम बनाउँदा सङ्घीय कानुनसँग नबाझिने गरी बनाउने उल्लेख गरेको छ। यसको आधारमा भन्नुपर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएको व्यवस्था विपरीत ढुङ्गा, गिट्टी, बालुवा बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी भएको छ। यो विवाद कायमै रहेको यस अवस्थामा ढुङ्गा, गिट्टी, बालुवा बिक्रीबाट प्राप्त हुन सक्ने आय स्थानीय तहको एकल अधिकारको सूचीमा राखी प्रक्षेपण गरिएको छ।

आ.व.२०८०/८१ मा यस शीर्षकबाट रु. २ लाख ४० हजार राजस्व सङ्कलन भएको थियो। चालु आ.व.को बैशाख २१ गते सम्म पनि कुनै रकम सङ्कलन भएको अवस्था छैन। त्यसैले यस शीर्षकमा रु. ३० लाख राजस्व सङ्कलन हुने अनुमान गरिएको छ।

### (ख) बहाल बिटौरी शुल्क

#### विद्यमान अवस्थाः

आर्थिक ऐनको दफा ९ मा यस गाउँपालिका क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची-९ बमोजिम बहाल विटौरी शुल्क लगाई असुल उपर गरिने व्यहोरा उल्लेख गरिएको छ। तर आर्थिक ऐनमा करका दरहरू अनुसूची ८ मा राखिएको देखिन्छ।

आ.व.२०८०/८१ मा यस शीर्षकबाट रकम सङ्कलन भएको छैन। चालु आ.व.मा यस शीर्षकमा अनुमान गरिएको छैन र बैशाख २१ गते सम्म रकम सङ्कलन भएको छैन।

#### सम्भाव्यताः

यस गाउँपालिकामा वडा नं २, ३, ४ मा रहेका सार्वजनिक जग्गा उपयोग वार्षिक रु.२ लाख ९० हजार सङ्कलन हुन सक्ने सम्भावना देखिन्छ।

तालिका नं. १६: बहाल बिटौरी शुल्क सम्बन्धी विवरण

| क्र.सं. | संरचना भएको क्षेत्र | दर | कुल सङ्कलन सम्भावना वार्षिक (रु) |
|---|---|---|---|
| १ | साँदी बजार वडा नं ३ | लमसम | १००००० |
| २ | गाल्पा बजार वडा नं २ | लमसम | १२०००० |
| ३ | डहुँ वडा नं ४ | लमसम | ७०००० |
| | जम्मा | | २९०००० |

**सुझावहरू**

- सार्वजनिक जग्गा उपयोग गरी व्यापार व्यवसाय गर्ने स्थानहरू र सार्वजनिक जग्गा उपभोग गरी बसोवास गरेका घरधनीहरूको अभिलेख तयार गर्ने।
- सार्वजनिक जग्गा उपभोग गरी बसोबास गर्नेहरूलाई बहाल बिटौरी शुल्कको दायरामा ल्याउन कार्यविधि तर्जुमा गर्ने।

## (ग) नक्सा पास दस्तुर

### विद्यमान अवस्था

स्थानीय सरकारले आफ्नो क्षेत्र भित्र नयाँ घर तथा भवन निर्माण गर्दा बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ र स्थानीय सरकारले निर्माण गरेको भवन निर्माण मापदण्डअनुसार नक्सा पास गर्नुपर्ने व्यवस्था गरेको छ। यो नियम लागु हुनु पूर्व निर्माण भएका भवनको अभिलेखीकरण बापत दस्तुर लिन सक्ने कानुनी व्यवस्था रहेको छ। यस गाउँपालिकाको आर्थिक ऐनको २०८१ दफा १७ मा नक्सा पास दस्तुर राखिएको छ। यसको दर अनुसूची-१६ मा उल्लेख गरिएको छ।

आ.व.२०८०/८१ मा यस शीर्षकमा रु.२४ हजार ४ सय ४२ सङ्कलन भएको थियो। चालु आ.व.मा बैशाख २१ गतेसम्म रु.९८ हजार २ सय ९७ सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यताः

यस गाउँपालिकामा हालका दिनमा आवासीय प्रयोजनकालागि घरहरू निर्माण हुँदै गएका छन्। गत वर्षहरूमा अभिलेखीकरण कार्य चलिरहेको र नक्सा पास सम्बन्धी कार्यविधि तयार गरी घर नक्सापासलाई अनिवार्य गराउँदा यसबाट रु.६ लाख ६० हजार वार्षिक सङ्कलन हुने अनुमान गरिएको छ।

तालिका नं. १७: नक्सा पास दस्तुरको सम्भाव्यता विश्लेषण

| विवरण | दर प्रति वर्ग फिट रु | औसत क्षेत्रफल | आगामी आ.व.को अनुमान | सम्भाव्य रकम |
|---|---|---|---|---|
| घरको नक्सा पास तथा अभिलेखीकरण पक्की घर | ८ | ८०० | १०० | ६४०००० |
| कच्ची घर | २ | ८०० | २० | २०००० |
| | | | | ६६०००० |

### सुझावहरू

- गाउँपालिकाको भवन निर्माण मापदण्डअनुसार नक्सा पास गर्ने नीति बनाई अनुगमन प्रणालीलाई प्रभावकारी बनाउने।
- नक्सा पास नगरी बनाइएका पक्की घरलाई अभिलेखीकरण गर्दा नक्सा पास सरहनै लिने

## (घ) व्यवसाय रजिस्ट्रेसन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

### विद्यमान अवस्था

स्थानीय सरकारले एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नका लागि अनुमति दिन र सो बापत दस्तुर सङ्कलन गर्न सक्ने प्रावधान छ। गाउँपालिकाले "घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि निर्माण गरेको छ। गाउँपालिकाले प्रकाशन गरेको सूचना अनुसार "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र दर्ता गर्ने व्यवसायीको सङ्ख्या ५४ रहेको अनुमान गरिएको छ।

आ.व.२०८०/८१ मा यस शीर्षकबाट रु.१ लाख ४३ हजार ५ सय सङ्कलन भएको थियो। चालु आ.व.मा यस शीर्षकमा बैशाख २१ गतेसम्म रु.१ लाख ९५ हजार ८० सङ्कलन भएको देखिन्छ।

### सम्भाव्यताः

गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, "घ" वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ सञ्चालनमा आउन चाहनेलाई इजाजत दिने कानुनी व्यवस्था रहेको छ। यस अध्ययनको क्रममा गरिएको छलफलमा हाल ५४ वटा व्यवसायिक फर्महरू रहेको अनुमान गरिएको छ। त्यस्ता संस्थाहरूलाई दर्ता तथा अनुमति प्रदान गर्दा व्यवसाय रजिस्ट्रेसन दस्तुर सङ्कलनबाट रु.१ लाख ६४ हजार सङ्कलन हुने सम्भावना देखिन्छ।

तालिका नं. १८: व्यवसाय रजिस्ट्रेसन दस्तुरको सम्भाव्यता विश्लेषण

| क्र.सं. | व्यवसायको प्रकार | सङ्ख्या | औसत दर | कुल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | घ वर्गका निर्माण व्यवसाय | ७ | १०००० | ७०००० |
| २ | फार्मेसी नीजी विद्यालय तालिम प्रदायक संस्था | ५ | २००० | १०००० |
| ५ | सहकारी | ४२ | २००० | ८४००० |
| जम्मा | | ५४ | | १६४००० |

### सुझावहरू

- यसमा एफ.एम, रेडियो, विद्यालय स्थापना, व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ, ढुङ्गा, गिट्टी सर्वेक्षण, उत्खनन्, उपयोग गरे बापतको अनुमति दिन र दस्तुर सङ्कलन गर्न सक्ने।
- यस शीर्षकलाई आर्थिक ऐनमै अलगै दर निर्धारण गरी राखे।
- व्यवसाय कर र व्यवसाय रजिस्ट्रेसन दस्तुर अलग अलग राखे।

## (ङ) सेवा शुल्क

सम्पत्ति तथा आयस्रोत मूल्याङ्कन सेवा शुल्क(अन्य प्रशासनिक सेवा शुल्क)

### विद्यमान अवस्था

गाउँपालिकाको आर्थिक ऐन २०८१ मा अचल सम्पत्ति मूल्याङ्कन सेवा शुल्क लगाउने र असुल उपर गरिने उल्लेख गरिने प्रावधान उल्लेख गरिएको छैन। यस शीर्षकबाट सङ्कलन भएको रकम यसै शीर्षकमा नराख्दा गत आ.व.मा कुनै आम्दानी भएको देखिदैंन।

आ.व.२०८०/८१ मा यस शीर्षकबाट कुनैपनि रकम सङ्कलन भएको देखिदैन। चालु आ.व.मा बैशाख २१ गते सम्म आय सङ्कलन भएको देखिदैन।

### सम्भाव्यता:

गाउँपालिकाले प्रदान गर्ने घरजग्गा लगायत सम्पत्तिको मूल्याङ्कन र आयस्रोत मूल्याङ्कन सम्बन्धी सेवा वार्षिक ९० घरपरिवारले उपयोग गर्ने र सो बापत औसत रु.१५०० शुल्क निर्धारण गर्दा आगामी आ.व.मा सम्पत्ति तथा मूल्याङ्कन सेवा शुल्कबाट करिब रु.२ लाख ५० हजार सेवा शुल्क सङ्कलन हुने अनुमान गरिएको छ।

### सुझावहरू

- यस शीर्षकमा सङ्कलन भएको रकम व्यक्तिगत सम्पत्तिमा लाग्ने करको शीर्षकमा नराखी यसै शीर्षकमा राख्ने।
- आर्थिक ऐनमा सम्पत्ति मूल्याङ्कनका दरहरू यसै शीर्षकमा उल्लेख गरी सङ्कलनको व्यवस्था मिलाउने।

## (च) सिफारिस तथा प्रमाणित दस्तुर

### विद्यमान अवस्था:

गाउँपालिकाले कानुन बमोजिम सिफारिस तथा प्रमाणित दस्तुर लिन पाउने व्यवस्था गरेको छ। सोहीअनुसार गाउँपालिकाले आर्थिक ऐन २०८१ दफा ४ को अनुसूची-३ मा यसका दर निर्धारण गरेको छ। आ.व.२०८०/८१ मा यस सिफारिस दस्तुरमा रु.११ लाख १९ हजार ७ सय ३० सङ्कलन भएको थियो। व्यक्तिगत घटना दस्तुरबाट रु.३ लाख २२ हजार १ सय ९५, नाता प्रमाणित दस्तुरबाट रु. ६५ हजार अन्य दस्तुरबाट रु.६ लाख ७० हजार ७ सय ६८ सङ्कलन भएको थियो।

### सम्भाव्यता:

गाउँकार्यपालिका कार्यालय र ५ वडा कार्यालयहरूबाट वार्षिक रुपमा हुने सिफारिस घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर र अन्य दस्तुर गरी जम्मा ९००० वटा सिफारिस हुने अनुमान गरिएको छ। शीर्षकगत रुपमा भन्दा सिफारिस बापत रु.१३ लाख ७५ हजार, व्यक्तिगत घटना दस्तुरबाट रु.३ लाख, नाता प्रमाणित दस्तुर रु.७० हजार र अन्य दस्तुरबाट रु.९ लाख सङ्कलन हुन सक्ने अनुमान गरिएको छ।

तालिका नं. १९: सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण

| क्र.सं. | सिफारिस प्रमाणीकरणको विवरण | आगामी आ.व.को अनुमान | औसत दर (रु. प्रति सिफारिस) | कुल सम्भावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | सिफारिस दस्तुर | ५५०० | २५० | १३७५००० |
| २ | घटना दर्ता दस्तुर | १५०० | २०० | ३००००० |
| ३ | नाता प्रमाणित दस्तुर | २०० | ३५० | ७०००० |
| ४ | अन्य दस्तुर | १८०० | ५०० | ९००००० |
| | **जम्मा** | ९००० | | **२६४५०००** |

### सुझावहरू

- शुल्क निर्धारण गर्दा सेवाको लागत, जनताको भुक्तान क्षमता तथा अन्य स्थानीय तहहरूद्वारा निर्धारण गरिएको दरसँग तालमेल हुने गरी निर्धारण गर्ने।

# परिच्छेद चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

## ४.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

गाउँपालिकाले राजस्व परिचालनको अवस्थामा सुधार ल्याउनका लागि तपसिलमा उल्लेखित नीतिहरू अवलम्बन गर्नुपर्ने देखिन्छः

१. "हाम्रो कर नियमित तिर्छौं: सुनापती समृद्ध बनाइछाड्छौ" भन्ने उद्घोषका साथ गाउँपालिका क्षेत्रमा कर सहभागिता अभियान सञ्चालन गरिनेछ।

२. गाउँपालिका भित्र सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान कार्यक्रम सञ्चालन गरी कर सहभागितामा जोड दिइनेछ।

३. गाउँपालिकाको आन्तरिक आम्दानीका श्रोतहरू पहिचान गर्ने विशेष कार्यक्रमहरू सञ्चालनमा गाउँपालिकाबाट जोड दिइनेछ।

४. कर सङ्कलन कार्य प्रभावकारी बनाउन प्रयोग गरिएको सूचना प्रविधि मैत्री नीति अवलम्बन गरी अनलाईन प्रणालीलाई निरन्तरता दिईने छ।

५. करदातालाई सहजताको लागि व्यवसाय दर्ता तथा नवीकरण शिविर कम्तीमा यस आर्थिक वर्षमा ३ पटक सञ्चालन गरिनेछ।

६. बजारबाट गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्न र उपभोक्ताहरूको संवैधानिक अधिकार प्रत्याभुति गर्न नियमित र व्यवस्थित रुपमा बजार अनुगमन गरिनेछ ।

## ४.२ राजस्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान

गाउँपालिकाको राजस्व सुधारका लागि कार्ययोजना

१. **करदाताको दर्ता अनिवार्य बनाउनेः** करदाताहरूलाई "कर तिर्नु हाम्रो दायित्व हो" भन्ने जनचेतना जगाउँदै सबै करदातालाई गाउँपालिकामा दर्ता गराउने।

२. **राजस्व सङ्कलन शिविर सञ्चालनः** राजस्व शाखालाई प्रविधि र स्रोतसाधनले सशक्त बनाई, कर तिरे/नतिरेको अवस्था पहिचान गरी नतिरेको करबारे फोनमार्फत जानकारी गराउने।

३. **राजस्व संरचनामा सुधारः** गाउँपालिकाका सबै राजस्व शीर्षकहरू समेटी तिनीहरूको दायरा विस्तार गर्दै करदाताहरूलाई स्पष्ट जानकारी दिने।

४. **वडास्तरीय राजस्व व्यवस्थापनः** वडा कार्यालयहरूको क्षमता अभिवृद्धि गरी करदातासम्बन्धी अभिलेख व्यवस्थित राख्ने।

५. **नीति पारदर्शिताः** आर्थिक ऐनलाई स्थानीय राजपत्रमा प्रकाशन गरी वेबसाइटमा समेत सार्वजनिक गर्ने।

## ४.३ आय सङ्कलनको संस्थागत क्षमता

### क) कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता

राजस्व इकाइलाई प्रशासन, योजना तथा अनुगमन शाखाअन्तर्गत समावेश गरिएको छ। यसका लागि अलग्गै कोठाको व्यवस्था गरि कर्मचारीहरूलाई काम गर्न सहज वातावरण देखिदैन। पर्याप्त स्थानको उपलब्धताले प्रशासनिक कार्यलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न मद्दत पुऱ्याएको छ।

### ख) फर्निचर, कम्प्यूटर, प्रिन्टर, यातायातका साधन तथा अन्य भौतिक सुविधाहरू

यस इकाइमा राजस्व परिचालनको लागि आवश्यक प्रविधि र भौतिक संरचनाको उचित व्यवस्था गरिएको छ। यस इकाइमा १ वटा कम्प्युटर, १ वटा प्रिन्टर, १ वटा स्क्यानर, २ वटा टेबल र १ वटा दराज उपलब्ध गराइएको छ।

### ग) कप्यूटर विलिङ्ग प्रणालीको प्रयोग

आर्थिक ऐनमा उल्लेख गरिएका विभिन्न विषयका कर तथा गैर करका दरहरू सफ्टवेयरमा सेट गरिएको छ। कुन शीर्षकको राजस्व हो सोहीअनुसार कम्प्युटरमा प्रविष्ट गर्नासाथ नीजले तिर्नुपर्ने शुल्क देखिन्छ। सबै वडामा यस किसिमको सफ्टवेयरको व्यवस्था गरिएको छ। वडाबाट सङ्कलन नगरिने घर नक्सा पास तथा घ वर्गको इजाजत पत्रका लागि गाउँपालिकाको राजस्व शाखाबाट सङ्कलन हुने गर्दछ।

### घ) च) नगद सङ्कलन र बैंक दाखिला र अभिलेख व्यवस्थापन

राजस्व सङ्कलनका लागि ५ वटै वडा तथा गाउँकार्यपालिकाको कार्यालयबाट सङ्कलन गर्न सकिने व्यवस्था गरिएको छ। वडा कार्यालयहरूबाट सङ्कलित राजस्व अनलाइन प्रविधिबाट बिल काट्ने र उठेको रकम बैंकमा दाखिला गरी मासिक रुपमा भौचर सहित प्रतिवेदन राजस्व शाखामा बुझाउने गरिएको छ।

### छ) गाउँपालिकाको आन्तरिक आय परिचालन

गाउँपालिकाको विगत तीन आर्थिक वर्षको यथार्थ आन्तरिक तथा वाह्य आय, चालु आ.व. २०८१/८२ को अनुमान र बैशाख २१ गते सम्मको सङ्कलित आयलाई तुलनात्मक रुपमा तलको तालिकामा देखाइएको छ। गत ३ आ.व.को यथार्थ आयलाई कम्प्युटरको एक्सलमा प्रविष्ट गरी LOGEST फर्मुलाको प्रयोगबाट वृद्धिदर पत्ता लगाइएको छ। यसबाट गाउँपालिकाको आय सङ्कलनको प्रवृति पत्ता लगाइएको छ।

## ४.४ आन्तरिक राजस्व संरचनाको अवस्था

वित्तीय विवरणको विश्लेषण गर्दा कर राजस्वमा वृद्धिको सकारात्मक प्रवृत्ति देखिए पनि गैरकर राजस्व र अनुदानमा गिरावट आएको छ।

तालिका नं. २०: विगतको तीन आ.व. को यथार्थ र चालु आ.व.को अनुमान र प्राप्तिको अवस्था

| क्र.सं. | विवरण | २०७८/७९ यथार्थ | २०७९/८० यथार्थ | २०८०/८१ यथार्थ | वृद्धि दर | २०८१/८२ | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुमान | बैशाख २१ सम्मको आय |
| क | कर तथा गैर कर राजस्व | २,४२९ | २,५१८ | ४,९३६ | ४३ | ५,१८३ | ३,३५८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **१** | कर | **२,४२९** | **२,५१८** | **१,०९८** | **-३३** | **१,१५३** | **१,०४२** |
| **११३१३** | सम्पत्ति कर | ० | ० | २६ | **०** | २७ | ३६ |
| **११३१४** | भूमिकर (मालपोत) | ० | ० | ४५७ | **०** | ४८० | ३६६ |
| **११३२१** | घर बहाल कर | ० | ० | २३८ | **०** | २५० | ४०९ |
| **११३२२** | बहाल बिटौरी शुल्क | ० | ० | ० | **०** | ० | ० |
| **११४५१** | सवारी साधन कर | ० | ० | ७ | **०** | ७ | ० |
| **११४५२** | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ० | ० | **०** | ० | ० |
| **१४६११** | व्यवसाय कर | ० | ० | ८१ | **०** | ८५ | १६४ |
| **११६३२** | जडीबुटी कवाडी तथा जीवजन्तु कर | ० | ० | ० | **०** | ० | ० |
| **११६९१** | अन्य कर | २,४२९ | ० | २८९ | **०** | ३०३ | ६७ |
| २ | गैर कर | **०** | **०** | **३,८३८** | ० | **४,०३०** | **२,३१६** |
| **१४१५१** | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ० | ० | ४ | **०** | ४ | २१ |
| **१४१५७** | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | ० | ० | २४० | **०** | २५२ | ० |
| **१४२१२** | सरकारी सम्पत्ति बिक्रीबाट प्राप्त रकम | ० | ० | ० | **०** | ० | ० |
| **१४२१३** | अन्य बिक्रीबाट प्राप्त रकम | ० | ० | ६३ | **०** | ६६ | १०० |
| **१४२१६** | निजी धारा वापतको महशुल | ० | ० | ० | **०** | ० | ० |
| **१४२१९** | अन्य सेवा शुल्क तथा बिक्री | ० | ० | २३७ | **०** | २४९ | ७३ |
| **१४२१९** | फोहरमैला व्यवस्थापन | ० | ० | ० | **०** | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सेवा शुल्क | | | | | | |
| १४२२१ | न्यायिक दस्तुर | ० | ० | ३ | ० | ३ | ३ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | ० | ७ | ० | ७ | ३७ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क (सम्पत्ति मूल्याङ्कन सेवा शुल्क आदि) | ० | ० | २९ | ० | ३० | १५३ |
| १४२४१ | पार्किङ्ग शुल्क | ० | ० | ० | ० | ० | ० |
| १४२४२ | नक्सापास दस्तुर | ० | ० | २४ | ० | २५ | ९८ |
| १४२४३ | सिफारिस दस्तुर | ० | ० | १,१२० | ० | १,१७६ | ७४८ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ० | ३२२ | ० | ३३८ | २६६ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ० | ० | ६६ | ० | ६९ | १०७ |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ० | ० | ६७१ | ० | ७०५ | ४८८ |
| १४२५३ | व्यवसाय रजिस्ट्रेसन दस्तुर | ० | ० | १४४ | ० | १५१ | १९५ |
| १४२९१ | पर्यटन शुल्क | ० | ० | ० | ० | ० | ० |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | ० | ० | ० | ० | ० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ० | ० | ० | ० | ० |
| १४५२९ | अन्य राजस्व | ० | ० | ९०८ | ० | ९५३ | २७ |
| **ख.** | राजस्व बाँडफाँट | **७६,८४८** | **६३,१५८** | **५९,४१८** | **-१२** | **९६,५२१** | **६७,३८७** |
| ***ख.१*** | नेपाल सरकार | **५८,६९७** | **४६,८४३** | **४२,१३४** | **-१५** | **७६,९००** | **५३,३५०** |
| १४१५३ | बाँडफाँट भई प्राप्त वन | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रोयल्टी | | | | | | |
| **१४१५५** | बाँडफाँटबाट प्राप्त हुने जलस्रोत रोयल्टी | ० | ० | ० | **०** | ० | ० |
| **१४१५६** | बाँडफाँटबाट प्राप्त हुने विद्युत रोयल्टी | ० | ० | ० | **०** | ० | ० |
| **१४४११** | बाँडफाँट भई प्राप्त हुने मू.अ.कर | ४४,२४९ | ४६८४३ | ४२,१३४ | **-२** | ५६,४११ | ३७,११७ |
| **१४४२१** | बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क | १४,४४८ | ० | ० | **०** | २०,४८९ | १६२३३ |
| ***ख.२*** | प्रदेश सरकार | **१८,१५१** | **१६,३१५** | **१७,२८४** | **-२** | **१९,६२१** | **१४,०३७** |
| **११३१५** | घरजग्गा रजिस्ट्रेसन दस्तुर | ० | ० | ० | **०** | ० | ३१६ |
| **११४५६** | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १८१५१ | १६३१५ | १७,२८४ | **-२** | १९,६२१ | १३,७२१ |
| **११४७१** | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | ० | ० | ० | **०** | ० | ० |
| **११४७२** | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ० | ० | ० | **०** | ० | ० |
| **ग.** | अनुदान तथा वित्तीय हस्तान्तरण | **३,८१,५३२** | **३,९३,००९** | **३,४६,३६१** | **-५** | **४,१७,२१८** | **३,३०,१५५** |
| ***ग.१*** | नेपाल सरकार | **३,२८,५३४** | **३,२५,७९२** | **३,०५,७०१** | **-४** | **३,५२,०२१** | **२,९३,७५७** |
| **१३३११** | समानीकरण अनुदान | १,१५,५०० | १,१३,८६८ | १००३४७ | **-७** | १,०७,३०० | ७६,२६९ |
| **१३३१२** | सशर्त अनुदान चालु | १,९९,४८४ | १,७७,४५४ | १,८७,६१५ | **-३** | २,०८,९२१ | १,९९,६८८ |
| **१३३१३** | सशर्त अनुदान पुँजीगत | १३,५५० | २८०१० | ७,४९४ | **-२६** | ११,८०० | ११,८०० |
| **१३३१४** | विशेष अनुदान चालु | ० | ० | ० | **०** | ० | ० |
| **१३३१५** | विशेष अनुदान | ० | ० | ६९९९ | **०** | १४,००० | ३५०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पुँजीगत | | | | | | |
| **१३३१६** | समपूरक अनुदान चालु | ० | ० | ० | **०** | ० | ० |
| **१३३१७** | समपूरक अनुदान पुँजीगत | ० | ६४६० | ३,२४६ | **०** | १०,००० | २५०० |
| **१३३१९** | अन्य अनुदान पुँजीगत | ० | ० | ० | **०** | ० | ० |
| ***ग.२*** | प्रदेश सरकार | **५२,९९८** | **६७,२१७** | **४०,६६०** | **-१२** | **६५,१९७** | **३६,३९८** |
| **१३३११** | समानीकरण अनुदान | ९,८७७ | ११,७४९ | ११,०७८ | **६** | १०,९२९ | ८,१९७ |
| **१३३१२** | सशर्त अनुदान चालु | ५,१५५ | २३,७४८ | १६,६५९ | **८०** | १७,७६८ | १३,३२६ |
| **१३३१३** | सशर्त अनुदान पुँजीगत | १३७५९ | ० | ४,४३९ | **०** | ११५०० | ८६२५ |
| **१३३१४** | विशेष अनुदान चालु | ० | ६,२१८ | ८,४८४ | **०** | ५,००० | १,२५० |
| **१३३१५** | विशेष अनुदान पुँजीगत | २५०० | ० | ० | **०** | ० | ० |
| **१३३१६** | समपूरक अनुदान चालु | ० | २५,५०२ | ० | **०** | ० | ० |
| **१३३१७** | समपूरक अनुदान पुँजीगत | २१७०७ | ० | ० | **०** | २०,००० | ५००० |
| **१३३१८** | अन्य अनुदान चालु | ० | ० | ० | **०** | ० | ० |
| **१३३१९** | अन्य अनुदान पुँजीगत | ० | ० | ० | **०** | ० | ० |
| ***ग.३*** | अन्य आन्तरिक अनुदान | ० | ० | ० | **०** | ० | ० |
| **१३४११** | अन्य संस्थागत आन्तरिक अनुदान | ० | ० | ० | **०** | ० | ० |
| **१३४१२** | अन्य व्यक्तिगत आन्तरिक अनुदान | ० | ० | ० | **०** | ० | ० |
| | **कुल जम्मा** | ४,६०,८०९ | **४,५८,६८५** | **४,१०,७१५** | **-६** | **५,१८,९२२** | ४,००,९०० |

निष्कर्षः राजस्व सङ्कलन सुधार गर्न नयाँ कर स्रोत पहिचान, गैरकर आम्दानी बढाउने उपायहरूको खोजी गर्नु आवश्यक छ। बजेट लक्ष्य प्राप्त गर्न प्रभावकारी कार्यान्वयन तथा नीति सुधार अपरिहार्य देखिन्छ।

## ४.५ आन्तरिक राजस्व संरचनाको अवस्था

गत तीन आ.व. को आन्तरिक तथा बाह्य आयको विश्लेषण गर्दा, आन्तरिक आयमा लगायत सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँटमा निरन्तर गिरावट आएको छ। यसले गाउँपालिकाको समग्र बजेटमा नकारात्मक प्रभाव पारिरहेको छ। तसर्थ, गाउँपालिकाले आन्तरिक आयलाई न्यायोचित रूपमा वृद्धि गर्ने उपायहरू अवलम्बन गर्न आवश्यक देखिन्छ। विगत तीन आ.व. को आन्तरिक आय, राजस्व बाँडफाँट, वित्तीय हस्तान्तरणबाट प्राप्त आय तथा चालु आ.व.२०८१/८२ को अनुमानित आय र बैशाख २१ गतेसम्मको प्राप्ति विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २१: कुल राजस्वमा शीर्षकगत योगदान (रु. हजारमा)

| आय शीर्षक | २०७८/७९ को यथार्थ आय | २०७९/८० को यथार्थ आय | २०८०/८१ को यथार्थ आय | वृद्धि दर | आ.व.२०८१/८२ को अनुमान तथा प्राप्ति | |
|---|---|---|---|---|---|---|
| | | | | | अनुमान | २०८२ बैशाख २१ सम्मको आय |
| आन्तरिक आय | २,४२९ | २,५१८ | ४,९३६ | ४३ | ५,१८३ | ३,३५८ |
| राजस्व बाँडफाँट | ७६,८४८ | ६३,१५८ | ५९,४१८ | -१२ | ९६,५२१ | ६७,३८७ |
| अनुदान | ३,८१,५३२ | ३,९३,००९ | ३,४६,३६१ | -५ | ४,१७,२१८ | ३,३०,१५५ |
| कुल आय | ४,६०,८०९ | ४,५८,६८५ | ४,१०,७१५ | -६ | ५,१८,९२२ | ४,००,९०० |

## ४.६ राजस्व परिचालनमा रहेका सवालहरू

यस गाउँपालिकाको राजस्व परिचालन सम्बन्धी देखिएका मूल सवालहरूलाई यहाँ प्रस्तुत गरिएको छ।

### १. करयोग्य क्षेत्र र करदाताको स्पष्ट विवरण नहुनुः

गाउँपालिकाको वस्तुस्थिति विवरण तयार नभएकाले करयोग्य क्षेत्र र करदाताहरूको स्पष्ट विवरण उपलब्ध छैन। हाल गाउँपालिकामा करदाताहरूको खण्डिकृत तथ्याङ्क व्यवस्थित रूपमा राखिएको छैन, जसले गर्दा कर प्रणालीलाई प्रभावकारी बनाउन अवरोध सिर्जना गरिरहेको छ। करको दायरा फराकिलो पार्न तथा राजस्व परिचालनलाई व्यवस्थित गर्न करदाताहरूको विस्तृत तथ्याङ्क सहितको गाउँ वस्तुस्थिति विवरण तयारी आवश्यक देखिन्छ।

### २. नदीजन्य पदार्थको स्वामित्वमा विवाद

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नदीजन्य पदार्थको बिक्रीलाई स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ। नेपाल सरकारद्वारा जारी "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" अनुसार**, स्लेट, ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तुहरूको बिक्रीबाट सङ्कलित राजस्वलाई ६० प्रतिशत राजस्व स्थानीय तहको स्थानीय सञ्चित कोषमा र **४० प्रतिशत** राजस्व **प्रदेश सञ्चित कोषमा** जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ। जुन एक आपसमा बाझिएको छ र विवाद सृजना गरेको छ।

## ३. प्रदेश र स्थानीय तहबिचको ढुवानी र सेवा विस्तारमा भेदभाव निषेध

अन्यत्र जुनसुकै कानुनी प्रावधान उल्लेख भएको भए पनि, कुनै प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी, सेवा विस्तार वा कुनै प्रकारको व्यापारिक गतिविधिमा कुनै पनि किसिमको अवरोध गर्न नपाइने व्यवस्थाका विपरित गाउँपालिकाले कृषि तथा पशुजन्य वस्तुको निकासीमा निकासी कर शीर्षकमा शुल्क उठाउँदै आएको छ।यो व्यवस्था संविधान विपरित भई प्रदेश र स्थानीय तहबीच समानता, स्वतन्त्रता र सहकार्यको विपरित देखिन्छ।

## ४. सामुदायिक वनबाट प्राप्त आम्दानी

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी वार्षिक कार्ययोजना तयार गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट स्वीकृत गराइ वन पैदावारको बिक्रीबाट प्राप्त आम्दानीको १० प्रतिशत रकम अनिवार्य रूपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ।

तर वन ऐन २०७६ अनुसार, सामुदायिक वन उपभोक्ता समूहले आफ्नो वार्षिक आयको कम्तीमा २५ प्रतिशत रकम वनको संरक्षण, विकास, र व्यवस्थापनमा खर्च गर्नुपर्नेछ भने बाँकी रकममध्ये कम्तीमा ५० प्रतिशत गरिबी न्यूनीकरण, महिला सशक्तीकरण, र उद्यम विकासमा स्थानीय तहसँग समन्वय गरी लगानी गर्नुपर्नेछ। तोकिएको प्राथमिक क्षेत्रमा खर्च गरी बाँकी रहेको रकम उपभोक्ता समूहकै हितमा उपयोग गर्न सकिने व्यवस्था गरिएको छ। यी ऐनहरू एक आपसमा बाझिएका छन।

# परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ। यस कार्ययोजनालाई गाउँकार्यपालिकाबाट स्वीकृत गरी यसमा उल्लेख गरिएका क्रियाकलापहरू सम्पन्न गर्नका लागि आवश्यक बजेटसमेत व्यवस्था गरिएको छ।

## ५.१ राजस्व सुधारका क्षेत्रहरू

राजस्व सुधार कार्ययोजना तर्जुमाको सिलसिलामा आन्तरिक स्रोतको सम्भावना विश्लेषण तथा स्रोत परिचालनमा देखिएका समस्याहरूको न्यूनीकरण गर्ने क्रियाकलापहरूको पहिचान गरी त्यसलाई न्यूनीकरण गर्न तथा गाउँपालिकाले विगतमा प्रक्षेपण गर्ने गरेको आय तथा हाल असुल भएको यथार्थ आयको शीर्षकगत रूपमा विश्लेषण गरी सुधारका लागि उपायहरूको पहिचान गरिएको छ।

### दायराः

राजस्व सुधारकालागि दायरा निर्धारण गर्दा संविधान तथा कानुनले निर्दिष्ट गरेका गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने राजस्वको शीर्षकहरूको मात्र छनोट गरिएको छ। गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने भएता पनि आयभन्दा सङ्कलन तथा परिचालन खर्च बढी देखिएका शीर्षकहरूलाई आय प्रक्षेपणमा समावेश गरिएको छैन। राजस्वको दायरा यकिन गर्दा करको आधार (सम्पत्ति, आय, वस्तु तथा सेवाको परिमाण, मूल्य र उपयोग)को पहिचान गरिएको छ। करदाता, उपभोगकर्ता वा सेवाग्राहीको पहिचान पश्चात् तिनीहरूको सङ्ख्या तथ्याङ्कगत एवं सरोकारवालासँगको छलफलबाट अनुमानित रूपमा पत्ता लगाई त्यसको दायरा यकिन गरिएको छ। करको दायरा यकिन गर्दा आय सङ्कलनमा प्रशासनिक सहजतालाई पनि ध्यान दिइएको छ।

### दरः

करदाताको पहिचान एवं दायरा यकिन पश्चात् करका दरहरू निर्धारण गर्दा गाउँपालिकाको चालु आ.व.को आर्थिक ऐनको सहायता लिइएको छ। आर्थिक ऐनमा उल्लेख गरिएका करको दरहरू विश्लेषण गरी राजस्वका शीर्षकअनुसार समान दर, प्रगतिशील वा अनुदारवादी के कस्तो दर लगाउन उपयुक्त हुन्छ सोको छनोट गरिएको छ। सम्पत्ति करमा प्रगतिशील करको आधारमा सम्भावना विश्लेषण गरिएको छ। करको दर निर्धारण गर्दा तपसिलमा उल्लेखित बुँदाहरूमा ध्यान दिइएको छः

- छिमेकी स्थानीय सरकारको करको दरसँग तुलना गरिएको छ।
- नयाँ क्षेत्रका लागि सुरुमा करको दायरामा ल्याउनका लागि न्यून दरबाट सुरुवात गरिएको छ।
- सम्पत्ति करलाई प्रगतिशील करको दरअनुसार सम्भावना विश्लेषण गरिएको छ।
- सेवाको लागत असुली हुने गरी शुल्कको दर निर्धारण गरिएको छ।
- करदाताको कर तिर्न सक्ने क्षमता तथा सुविधाको स्तरको आधारमा करको दर निर्धारण गरिएको छ।
- विगत आ.व.मा लगाइएको कर तथा शुल्कको दरको आधारमा राजस्वका दरहरू निर्धारण गरी सम्भावना विश्लेषण गरिएको छ।
- व्यवसायलाई प्रतिकुल प्रभाव नपार्ने गरी करको कर निर्धारण गरिएको छ।
- सेवा तथा दस्तुरको लागतका आधारमा करका दरहरू निर्धारण गरिएको छ।
- सम्पत्तिको मूल्य तथा उपयोगको आधारमा करका दरहरूको निर्धारण गरी सम्भावना विश्लेषण गरिएको छ।

### पुँजीगत लगानी र आर्थिक कारोबार व्यवस्थापनः

करदाताको पहिचान, करदाताको दायरा निर्धारण गरी करका दरहरू न्यायोचित ढङ्गबाट निर्धारण पश्चात् राजस्व प्रशासनमा सुधार ल्याउन नीतिगत व्यवस्था, सङ्गठन संरचनामा सुधार, भौतिक सुविधामा सुधार, मानव संसाधन, प्रविधि र सफ्टवेयर, सूचना तथा अभिलेख राख्नुपर्दछ। राजस्वको सुधारका लागि हरेक तथ्याङ्कको अभिलेख राखी राजस्व चुहावट हुन नदिन अनुगमन गर्ने पद्धतिको सिफारिस गरिएको छ।

## ५.२ राजस्व सुधार कार्ययोजना तर्जुमा

राजस्व सुधार कार्ययोजनामा समावेश भएका कतिपय क्रियाकलापहरूका लागि बजेट आवश्यक पर्ने हुन्छ। राजस्व सुधार योजनामा उल्लेख गरिएका क्रियाकलाप सम्पन्न गर्न समयमै बजेटको व्यवस्था नभए प्रस्तावित क्रियाकलाप सम्पन्न गर्न नसकिने हुँदा क्रियाकलाप छनोट गर्दा स्रोतको उपलब्धतालाई पनि ध्यान दिइएको छ। साथै बजेटको उपलब्धताअनुसार क्रियाकलाप सम्पन्न हुने हुँदा समय अवधि निर्धारण गर्दा बजेटको उपलब्धतासँग पनि तालमेल हुने गरी निर्धारण गरिएको छ। गाउँपालिकाका सरोकारवालाहरूको छलफलबाट तयार पारिएको राजस्व सुधार कार्ययोजना तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. २२: राजस्व सुधार कार्ययोजना

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु.००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | (क) कर राजस्व | | | |
| सम्पत्ति कर | - सम्पत्ति कर सङ्कलनको लागि कार्यविधि तयार पारी सो बमोजिम करका दरहरू राखे। | आ.व.२०८२/८३ चैत्र भित्र | १० | - राजस्व इकाइ<br>- प्राविधिक शाखा<br>- राजस्व परामर्श समिति |
| भूमिकर | मालपोत करदाता एकिन गरी लागत तयार पार्ने। | आ.व.२०८२/८३ चैत्र भित्र | १० | - राजस्व इकाइ<br>प्राविधिक शाखा<br>- राजस्व परामर्श समिति |
| घरजग्गा बहाल कर | घर तथा जग्गा बहालमा लगाउने घरधनीहरूको लगत सङ्कलन गर्ने। | २०८२ असोज मसान्तसम्म | १० | - राजस्व परामर्श समिति<br>- राजस्व इकाइ<br>- लेखा शाखा<br>- जिन्सी शाखा |
| व्यवसाय कर | गाउँपालिका भित्र रहेका व्यवसायीहरूको स्थलगत दर्ता र नवीकरण अभियान सञ्चालन गर्ने | प्रत्येक आर्थिक वर्ष भरी नियमित रुपमा | २० | - प्रमुख प्रशासकीय अधिकृत<br>- वडा सचिवहरू<br>- राजस्व इकाइ |
| | करको दायरामा नआएका व्यवसायीलाई गाउँपालिकामा दर्ताका लागि आव्हान तथा शिविर सञ्चालन गरी दर्ता अभियान चलाउने | प्रत्येक आर्थिक वर्ष भरी नियमित रुपमा | २० | - राजस्व शाखा<br>- लेखा शाखा<br>- वडा सचिवहरू |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | आवश्यक बजेट रु.००० | जिम्मेवारी |
|---|---|---|---|---|
| | निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा छिटो तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | प्रत्येक आर्थिक वर्ष भरी नियमित रुपमा | ० | - गाउँपालिका<br>- राजस्व परामर्श समिति<br>- राजस्व शाखा |
| | उद्योग वाणिज्य संघ सुनापतीका प्रतिनिधिहरूसँग नियमित छलफल र अन्तरक्रिया गर्ने | वर्षमा एक पटक असार महिनामा | १० | - राजस्व परामर्श समिति<br>- राजस्व शाखा |
| जडीबुटी कवाडी तथा जीवजन्तु कर | कवाडी करको सम्भाव्यता अध्ययन गरी न्यूनतम ठेक्का अंक कायम गर्ने | आ.व.२०८२ असार मसान्त | ० | - राजस्व परामर्श समिति |
| **(ख) गैरकर राजस्व** | | | | |
| बहाल बिटौरी शुल्क | ऐलानी जग्गामा निर्माण भएका घर तथा टहरा र जग्गाको पहिचान गरी लगत राखे | आ.व.२०८२ असार मसान्त | १० | - राजस्व परामर्श समिति |
| नक्सा पास दस्तुर | - भवन निर्माण मापदण्ड जारी गर्नुभन्दा पहिले निर्माण गरिएका घरहरूको र अभिलेखीकरण गरी जम्मा घरहरूको सङ्ख्या एकिन गर्ने।<br>- घर नक्सा पासको कार्यविधि तयार पारी सो बमोजिम नक्सा पास गराउने | आ.व.२०८२ असार मसान्त | ० | - राजस्व परामर्श समिति<br>- प्राविधिक शाखा<br>- गाउँकार्यपालिका |
| **(ग) राजस्व प्रशासन** | | | | |
| राजस्व सङ्कलन तथा अभिलेख | - सफ्टवेयरमा राजस्व संकेतअनुसारको शीर्षक बनाई सङ्कलित राजस्व पनि सोही शीर्षकअनुसार प्रविष्ट गर्ने | | १० | - कार्यपालिका<br>- राजस्व इकाइ |
| राजस्व इकाइको व्यवस्थापन | - राजस्व इकाइलाई अलग्गै कोठामा राखेर व्यवस्थित गर्ने। | आ.व.२०८२ असार मसान्त | | |
| अनुगमन | - करदाताहरूको विवरण अद्यावधिक गर्ने छुटेका करदातालाई करदाताको सूचीमा समावेश गर्ने।<br>- राजस्व अनुगमन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने | मासिक रुपमा | | - राजस्व परामर्श समिति<br>- राजस्व इकाइ |
